



# लङ्ड़ाको कुकुर

एउटा हृदयस्पर्शी नेपाली कथा

**लेखक: शिवकुमार राई**

Designed & Formatted for Reading

# लङ्गड़ाको कुकुर

एउटा मार्मिक कथा

महाकाल बाबाको थानमा मिरीरी घाम झुल्किसक्दा पनि पश्चिमपट्टि फर्केको दार्जिलिङ्गको चोक बजारमा अझ घामै झुल्केको थिएन। बिहानीपख, टाढामा देखिने पूर्वतिरका ती नीला पहाड़हरूबाट लहरै लहर माला जस्ता भएर झरेका उपत्यकाहरूमा पनि सूर्य्यका लामा लामा किरणको छाप अहिलेसम्म परेकै थिएन। केवल प्रातःकालदेखि देखिने उत्तरपट्टिको पर्वतराज हिमालयका ती चुच्चे टाकुराहरूमा भने सुनौला तर गुलाफी किसिमको टलक रमाइलो गरी धेरै बेरदेखि खेलिरहेको थियो। तर जति जति सूर्य्य मास्तिर आकाशगा उक्लँदै जान्थे उति उति त्यो टलक पनि फिका हुँदै हराउँदै त्यस ठाउँ चाँदीको जलपतको रूपमा विस्तार विस्तार परिवर्तन हुँदै जान्थ्यो। महाकाल बाबाको थान वरिपरि रातभरी शीत र चिसो हावाले काम्न लागेका रूखका पातहरूमा बल्ल सूर्य्यका पहेंला किरण पर्दा चारैतिर प्रकृति एक्कासि सुनको जलप लाएर हाँसे जस्तो देखियो। धेरै शीतका थोपाहरू रूखका पातमा काम्दै झुण्डिरहेका थिए, ती पनि अहिले त सुन जस्तै भएर चम्किरहेका थिए।

गुराँसको बोटका हांगाहरूमा भर्खर भर्खर गुलाफी र गहिरो रातो रङ्गमा फक्रनलागेका फूलहरू थिए तिनलाई पनि सूर्य्यको उष्ण किरणले अहिले नै म्वाइँ खाला खाला जस्तो देखिन्थ्यो। सधैं अग्लो डाँडामा रहेको महाकाल बाबाको थानमा पहिले घाम लाग्थ्यो। अनि पछि पूर्वपट्टि फर्केर बसेको भोटे बस्तीतिर घाम ओलँदै झर्थ्यो। पछिल्तिर रहेको चोक बजारतिर भने हत्तपत्त घामै नलाग्ने हुनाले त्यतापट्टि अहिलेसम्म पनि शून्य जस्तो नै थियो। त्यहाँ शीतको अझै ठूलो साम्राज्य थियो। माघ फागुनको उत्कट जाडो।

त्यसैले पश्चिमतिर फर्केर बसेको सारा दार्जिलिङ्ग शहर जाड़ाले कक्रिरहेको थियो। वारिपारि देखिने घर, कोठी र तिनका राता राता छाना तथा बाटाघाटा, रेलिङ्ग, पार्क, हावाघर ती सब अहिलेसम्म जाड़ाले कठांग्रिरहेकै जस्ता देखिन्थे। अग्ला अग्ला धूपीका रूखहरू समेत बिहानको जाड़ा र शीतको प्रहार सहन गर्दै चुपचाप ठिङ्ग उभिरहेका जस्ता देखिन्थे। आज दिन त राम्रै उम्रेको थियो तापनि जाड़ाले भने मुटु छेड्थ्यो। यस्तै जाड़ाको बिहान एक दुइ मानिसहरू छातीमा मुन्टो घुसारेर दुवै हात पाकेटमा हाली शून्यभावले यत्रतत्र हिंडिरहेको देखिन्थे। चोक बजारको पानका पसलहरू विस्तार विस्तार उघ्रन लागेका थिए।

चोकमन्तिर रक्सी बेच्ने गड्डीखानको एउटा साँगुरो गल्लीबाट भने रक्सो र जाँडको तीब्र दुर्गन्ध लिएर बिहानको हावा अझ बगिरहेकै थियो। चोक बजारको फाँटबाट झरेको लामा सिमेन्टको सिंढीतलतिर गड्डीखानको ओह्रालो जाने छिंड़ीमा जताततै मैला र हिलो थियो। सड़कको छेउतिर आलु र प्याजका बोक्राहरू, कुखुराको फुलका खोस्टाहरू यत्रतत्र देखिन्थे -- नालीमा मैला कसिंगर थुप्रेर कुहेका साग सब्जीको सानो पहाड़ जस्तो जमेको थियो। गड्डीखानको छिंड़ीबाट जाँदा निकै तलतिर भित्तापट्टि टीनले बारेको एउटा थोत्रे घर जस्तो खाली ठाउँ थियो। त्यसलाई घर नभनेर झुप्रो नै भने हुन्छ -- किनभने त्यसको छानु पुरानो मट्टितेलको टीनलाई सोझ्याएर बनाएको थियो तथा हावाले उड़ाउला भनी त्यसलाई ढुंगाले थिचिराखेको थियो। त्यो एउटा उराठलाग्दो झुप्रो थियो- भित्ताको सहारामा एक दुइ काठ गाड़ी टीनले बारेर एउटा मानिस सुत्नसम्म हुने सानो ठाउँ बनाएको थियो।

त्यहाँ न बलियो ढोका थियो, न भित्ता, न त बिजुली। ढोकाको नाउँमा दुइ चारवटा मकिसकेका काट जोरेर आग्लो लाउनेसम्म बनाएको थियो। त्यहाँ आधुनिक फर्निचर को नाउँमा केवल फुको धूलोसरीको भूइँमा दुई चारवटा पुराना फल्याक मात्र ओछ्याइएका थिए। त्यही ठाउँमा एउटा कुकुर मुँहुँलिएर कुनापट्टि सुतिरहेको थियो। अनि त्यसेको छेउमा एक जना मानिस पनि आफ्नो बोरा थानामा गुटुमुटु भएर एक डल्लो परी निर्विकार अबस्थामा सुतिरहेको थियो। दिन चढ्दै गयो।

चोक बजारका अग्ला अग्ला बिल्डिंग र सेता घरहरूमा अब न्यानो घामको किरणले स्पर्श गर्दै लग्यो। तैपनि त्यस झुप्रोमा सुत्ने त्यो मानिस र कुकुर सुती नै रहे-- मानो कुकुर र त्यो मानिसमा सुत्नाको निम्ति होड़ भै राखेको छ। बिहानको चिसो हावाको प्रबल आघात खाएपछि बल्ल त्यो मानिसको निद्रा टुट्यो र निद्राबाट जुर्मुरिंदै उठ्यो। एक्कासि दुःस्वप्नबाट झस्केर व्यूँझे जस्तो गरी उठेर उ टुक्रुक्क बस्यो। जाड़ाले कक्रिएकोले उ एक डल्लो परिरहेको थियो। निकै बेरसम्म उ त्यत्तिकै भावशून्य अवस्थामा निश्चेष्ट बसिरह्यो।

वहाँपछि उसले आफ्नो सिरानमनिबाट दियासलाई र बिड़ी झिकेर सल्कायो। कुकुर भने अझै अचल भएर सुतिरहेको थियो। त्यो मानिस केही बेरसम्म बिड़ी फुक्दै शून्य भावले त्यस कुकुरतिर हेरिरह्यो। कुकुर आनन्दले मग्न सुतिरहेको देखेर त्यस मानिसको मनमा अलिकति हिंसा भयो। तैपनि त्यसले एकनाससित कुकुरलाई हेरी नै रह्यो। एक छिनपछि त्यसका मनमा के विचार आयो त्यसले मुख भरी बिड़ीको धुवाँ तानेर कुकुरको नाकमा फू गरेर फुकिदियो।

त्यति गरेपछि बल्ल त्यो कुकुर पनि कान फट्फटाउँदै उठ्यो मन नपरी नपरी आङ तन्कायो अग्नि लामो जिभ्रो निकालेर हाई काढ्दै त्यस मानिसको मुखमा पुलुक्क हेर्यो। कुकुरलाई हेरेर त्यो मानिस मुसुक्क हाँस्यो, फेरि आफ्ना दुवै घुँडाको माझमा मुन्टो त्यसले घुसार्यो र बिडी तान्न थाल्यो। यसरी केहो बेरसम्म गम्भीर चिन्तामा डुबेपछि त्यो मानिस कतै जान तयार भयो। उसले कुनामा राखेको आफ्नो झोली देब्रे काँधमा भिर्यो -- आफ्नो कालो चिल्लो लौरो दाहिने काखीमा च्याप्यो अनि दुवै हत्केलामा काठको टेक्ने समातेर त्यसैको सहाराले त्यो झुप्रोबाट निस्क्यो र उ गड्डोखानको उकालो लाग्यो ॥. कुकुर पनि उसको पछिपछि हिंडिरहेको थियो। मानिसहरूले उसलाई लङ्गड़ा भनी उसका बिग्रेका अङ्गहरू देखाएर ठट्टा गर्थे -- जिस्क्याउँथे। कोहि मानिस सुकिलो लुगा लाएको हेर्दा भलादमी जस्तो भए लङ्गड़ा केही प्रतिवाद गर्दैनथ्यो केवल आफ्नो उपहास गर्नेको मुखमा निःसहाय भएर केही नभनी टुलुटुलु मात्र हेरिरहन्थ्यो।

तर लङ्गड़ाको त्यो हेराइमा एउटा भयानक घृणा तथा प्रतिहिंसाको ज्वाला अंकित भएको हुन्थ्यो। तर केटाहरू तथा बालक बालिकाहरूले उसलाई खिज्याए भने उ आगो हुन्थ्यो। शहरका बदमाश केटाकेटीहरूको एक दल थियो- तिनीहरू उसलाई भूइँ भालु भनी खिज्याउँथे। उ रिसले भुतुक्क भएर आफ्नो लौरो टिपी झटारो हान्न खोज्थ्यो। त्यति वेला कसरी उसका दुवै हातमा अपूर्व बल आउँथ्यो सुकेर खुम्चिएका दुवै खुट्टालाई घसार्दै, लंगड़ाले दुवै हातको काठ छिटो छिटो सार्दै आफूलाई जिस्क्याउने केटाहरूलाई लखेट्थ्यो। स्कूल जान लागेका केटाहरूसमेत त्यहाँ सामेल हुन्थे र धेरै बेरसम्म यसरी लंगड़ालाई विरक्त पार्थे।

लंगड़ा पनि असिना पसिना हुँदै ती शत्रुहरूलाई खेद्न छाड़दैनथ्यो। केटाकेटीहरूको भीड़ जम्थ्यो। कति वर्षदेखि यस्तै जीवन उसले यापन गरिरहेको थियो। त्यसैले कुनै केटाकेटी आफ्नो अघिल्तिरबाट गइरहेको छ भने उसले शत्रु नै संझन्थ्यो र भयातुर दृष्टिले त्यसलाई हेर्दथ्यो। केटाकेटी देख्नेबित्तिकै उसले यस्तो शंकित हृदयले हेर्थ्यो -- जस्तो टोक्ने बानी भएको कुकुरले हिंडिरहेको मानिसलाई फर्केर हेर्दछ आफूलाई जे भनोस् -- आफ्ना बिग्रेका अङ्गहरूको जति नै उपहास गरोस् उ सहन गर्न सक्थ्यो। परन्तु आफूलाई भूइँभालु भनी खिज्याएको लङ्गड़ाले पटक्कै सहन सक्तैनथ्यो।

दिउँसो आफूलाई यसरी बिरक्त पार्ने शत्रुहरूमाथि बदला लिन नपाउँदा उसको साह्रै नै चित्त दुख्थ्यो र राती जब उ सुत्थ्यो त्यति बेला ती कुराहरू मनमा सर्ब सम्झिरहन्थ्यो। चारैतिर चकमन्न हुन्थ्यो चारैतिर शून्य हुन्थ्यो। आफूलाई विरक्त पार्ने शत्रुहरूलाई संझेर उसलाई कहिले साह्रै दु:ख लाग्थ्यो, कहिले रिस उठ्थ्यो र ती एक एक शत्रुलाई गाली गर्दथ्यो- मध्य रातमा धेरै बेरसम्म उ एक्लै गुनगुनाइरहन्थ्यो। ती दुष्ट केटाहरू बाहेक संसारमा उसको अरू कुनै शत्रु थिएन। कुनै विरोधी थिएन। उसलाई डर र घृणा थियो भने शहरका तिनै केटाहरूको।

स्कूल जान लागेको केटाहरूका दल देख्यो भने उ बिस्तारै पसलको आड़मा लुक्थ्यो वा नदेखे जस्तो गरी उ टोलिन्थ्यो। आफ्नो अघिल्तिरबाट ती केटाहरू गइसकेपछि मात्र लङ्गड़ाले मुन्टो फर्काउँथ्यो र पछिल्तिरबाट राता राता आँखा पारेर छड्के नजरले हेरिरहन्थ्यो उसका आँखामा त्यस बखत क्रोध, विभिषिका र असहनीय घृणा नाचिरहन्थे। ती केटाहरूलाई देख्खासाथ उसको अनुहार एकाएक गंभीर र आतंकपूर्ण हुन्थ्यो। ती केटाहरू अदृश्य भएपछि मात्र उसले अरूतिर नजर घुमाउँथ्यो र सन्तोषको लामो सास फेर्दथ्यो। उसका आँखामा वेदनाले भरिएको हाँसोको क्षीण आभास झल्कन्थ्यो -- ठूलो विपदबाट निष्कृति पाए जस्तो गरी उ हाँस्न हाँस्न खोज्थ्यो। लङ्गड़ालाई बिहान र बेलुकीभन्दा पनि दिउँसो जब स्कूलका केटाहरूको टिफिनको छुट्टि उस वेला जीउ जोगाउन धौधौ पर्थ्यो।

लङ्गड़ा बजारतिर बसेर मागिरहेको हुन्थ्यो- टिफिनको छुट्टिमा केटाहरू दलका दल मिलेर आउँथे अनि लङ्गड़ालाई सड़कमा देख्खासाथ भूईं भालु, भूइँ भालु भनी जिस्क्याउँथे। लङ्गड़ा नसुनेको जस्तै गरी आफ्नो लौरो टिपेर दुइटा काठका सहराले छिटो छिटो हात खुट्टाले घसँदै कुनै पसलको कुनामा गएर आड लिन्थ्यो र भित्तापट्टि फर्केर बिडी सल्काउने निहु गरी धेरै बेर टोली रहन्थ्यो। तर ती दुष्ट केटाहरू लङ्गड़ाको नजीकै आएर उसैलाई चारै पट्टिबाट घेरी भुइँ भालु भनेर जिस्काउँथे -- चिच्याउँथे -- अझ कसैले ता लङ्गड़ाको अघि भालु हिंडेको विकृत चाल नकल गरी लङ्गड़ालाई खिज्याउँथ्यो पनि। लङ्गड़ाले यतिञ्जेल सहन गरिरहेको रिस एक्कासी सोडा पानीको गैस जस्तो हुस्स भएर आउँथ्यो। फनक्क फर्की लौरो टिपेर केटाहरूलाई झटारो हान्थ्यो र गाली वर्षाउन लाग्थ्यो। केटाहरू निमेषमा यत्रतत्र भाग्थे।

यसैले लङ्गड़ा दिउँसो चोकबजारको मिठाई पसलको अघिल्तिर अथवा अरू पसलेहरूकहाँ केही मागि रहेको छ भने अनायास उसको दृष्टि माथिको अग्लो टाउनहलको घडीमाथि पर्दथ्यो। टिफिन हुने बेला भयो भने लङ्गड़ा बिस्तारै त्यहाँबाट उठेर एउटा साँगुरो गल्लीमा जान्थ्यो र वहाँ धेरै बेर बसिरहन्थ्यो। नत्र जितेन-- झोडामाथि हावा घरमा माग्नेहरूको बस्ने अड्डा जस्तै छ त्यहीं गएर उ पनि बसिरहन्थ्यो। अरू वेला दिनभरि बजारमा गएर माँगथ्यो। सड़कको छेउमा बसेर बाटा हिंड्नेलाई भन्थ्यो- हजुर, एक दुई पैसा दया होस्न। कहिले काहीं कवित्व भाषामा माग्ने गर्थ्यो -- हजुर, गरीब गुरबालाई कहिले त दया होस्न ॥. धर्म हुन्छ हजुर धर्म अनि हाल पसार्यो।

एकन्नी दुवन्नी हातमा पर्दा उ मुसुक्क हाँस्थ्यो दिनभरि मागेको पैसाले उसलाई सधैं खान पुग्दैनथ्यो र होटेलको अघिल्तिर वा चिया वा पूरी मिठाईको पसल अघिल्तिर गएर टुकरुक्क बसिरहन्थ्यो। केही खानेकुरा नपाएसम्म उ त्यहाँबाट जाँदैनथ्यो। यसरी घण्टौं त्यहाँ बसेपछि कहिले उसले रोटीको टुक्रा वा मिठाई पाउँथ्यो कि ता उब्रेको भात मासु र बासी तर्कारी पाउँथ्यो। खानेकुरा पाएपछि लंगड़ा बडो प्रसन्न भएर दुवै हातले थापीकन कृतज्ञताको स्वरले भन्थ्यो- लौ हजुर। . गरीब गुरबालाई दया गर्नुभो पोल्टाबाट फाटेको रूमाल ढिकेर खानेकुरा पोको पारी कतै लगेर खान्थ्यो बजारको एउटा भतुवा कुकुर पनि सधैं त्यसका पछि पछि जान्थ्यो त्यो पनि लंगड़ालाई पच्छ्याउँथ्यो र उसले खाएको हेरी रहन्थ्यो। पहिले पहिले ता लंगड़ाले त्यसलाई हेर्नै सक्तैनथ्यो र धपाउने कोशिश गर्थ्यो तर त्यो कुकुर भने जान मान्दैनथ्यो।

दुइ चार कदम पछि हटेर फेरि लंगड़ाको नगिचै आई दयनीय आँखाले उसले खाएको हेरिरहन्थ्यो। त्यो देखेर लंगड़ाको हृदयमा गंभीर मानवी प्रश्नहरू आउँथे -- उसले मन मनै विचार गर्थ्यो यो कुकुरलाई यसरी धपाउँदा पनि जाँदैन-- मेरो पछिपछि लागिरहन्छ। तर भोक तिर्खा भनेको सबैको उही हो -- के हामी मानिस के पशु बरा, यो पनि त म जस्तै होला। यो पनि त अर्काको दया र भिक्षाले संसारमा बाँचिरहेको होला। गरीबले गरीबकै कष्ट बुझ्दछ। धनीहरू जो मोटरमा हावा खाइहिंड्छन्, जो होटेलतिर मीठोमीठो खाने थोक खाइहिंड्छन्, जोसित आज हजारौं लाखौं रुपियाँ छ, के कुनै दिन उनीहरूले यो विचरा माग्नेले भर पेट खाएको होवैन भनी संझेर एकदिन यसो ख्वाएको छ? ओहो माग्नेलाई हेरेर गरीबहरूलाई देखेर कुनै दिन मनमा दया जागेको छ? दुनियाँमा स्वांग गर्न पाए मोराहरू खुशी हुन्छन्।

बरू गरीबकै मनमा गरीबमाथि दया जाग्दछ। एउटा भिखारीले अर्को भिखारीको कष्ट जान्दछ। यो कुकुर पनि संसारमा म जस्तै मागी खाने एउटा प्राणी होला। ती कुराहरू विचार गर्दा गर्दै दया र गंभीर सहानुभूतिले उसको हृदय आर्द्र हुन्थ्यो। कुकुरलाई अँगालेर आफ्नो छातीमा टाँसी जीवनको एउटा साथी बनाउने इच्छा हुन्थ्यो। कुकुरलाई उसले छेउमा बोलाएर खानेकुरा दिन्थ्यो र एक छिन मुसार्दथ्यो।

कुकुर पनि अत्यन्त आनन्दले पुच्छर हल्लाउँदै लंगड़ाको मुखमा हेरिरहन्थ्यो। त्यो कुकुर पनि दिनभरि अब लंगड़ासितै बसिरहन्थ्यो -- त्यो यताउता कतै नगई लंगड़ाकै पछिपछि जान्थ्यो। यसो हुँदा कुकुर र लंगड़ाको बीचमा एउटा यस्तो घनिष्टता बढ़्दै गयो दुवैको हृदयमा यस्तो सहानुभूति सञ्चार हुँदै गयो, कुनै दिन लंगड़ाले कुकुरलाई देखेन भने उ छटपटाउन लाग्थ्यो। कुकुरलाई एक दिन देखेन भने लामो यात्रामा आफूसित हिंड्नलागेको साथीलाई एक्कासी हराए जस्तो उसलाई लाग्थ्यो। अनि कुकुर पनि यता उता डुलेर आएपछि फेरि लङ्गड़ाकै साथमा घनिष्ट आत्मीय जस्तो भएर बसिरहन्थ्यो। कहिले काहीं लङ्गड़ा कतै गएको छ भने तथा लङ्गड़ालाई बजारमा देखेन भने त्यो कुकुर सड़क र गल्लीहरू सुँघ्दै लङ्गड़ा भए ठाउँमा लुखुरलुखुर घुम्दै आइपुग्थ्योऽः कुकुरलाई देखेर लङ्गड़ाको अनुहार प्रसन्नताले दीप्त हुन्थ्यो अनि उ कुकुरलाई धेरै बेरसम्म मुसारिरहन्थ्यो।

कुकुर पनि खुशीले पुच्छर हल्लाउँदे लङ्गड़ाको अनुहार चालाचाट्ला जस्तो गर्थ्यो। केही दिनपछि त्यो कुकुर लङ्गड़ासितै बस्न थाल्यो। दिनभरि लङ्गड़ालाई नछोड्ने भयो। लङ्गड़ाले पनि आफूले खाएको आधा रोटीको टुक्रासमेत कुकुरलाई दिन्थ्यो। भात मासु खान पाएको दिन कुकुरलाई पनि केही मासु भात मुछेर आफ्नो छेउमा खान दिन्थ्यो। तर कहिले काहीं कुकुरले थपक्क मुख गाडेर लङ्गड़ाले खान लागेको मासुको टुक्रा झिकिहाल्थ्यो।

लङ्गड़ा रिसले भुतुक्क हुन्थ्यो - लौरो टिपेर कुकुरलाई झटारो हान्दै भन्थ्यो, काठा टिठयाएर खान दिएकोले नहुने तर लङ्गड़ाको रिस एकै छिनपछि हराउँथ्यो। रिस मरेपछि आफूले अलिकति उबारेर कुकुरलाई फेरि खान दिन्थ्यो। लङ्गड़ाको संसारमा आफ्नो भन्नु कोही थिएन न स्त्री, न छोराछोरी, न भाइ, न बहिनी। उसको संगीहीन बन्धुहीन एकान्त जीवनमा दु:ख सुखको साथी भने पनि, आत्मीय भने पनि त्यही एउटा कुकुर थियो। यसरी हिउँदको मुटु छेडने याममा पनि तथा दार्जिलिंगको वर्षाको मुसलधारे पानी झरीमा पनि यी दुवै संगै हुन्थे। पहिले पहिले त लङ्गड़ा स्टेशनको बाटा छेउमा बसेर माग्ने गर्थ्यो।

दिनभरि कुइरो र बादलले डम्म छोपिएको पृथ्वीको एकान्त कुनामा बसेर मागिरहन्थ्यो। बेलुकी भएपछि केही खानेकुरा जोगार गरी स्टेशनको वरतिर बाटामनि हावा घरमा बसेर खान्थ्यो। रात पर्न थालेपछि त्यही हावा घरको छेउमा सड़कको मन्तिर भित्तापट्टि सिमेण्टका खम्बाहरू थिए, त्यहाँ गुफा जस्तो ओत लाग्ने ठाउँ पनि थियो। लङ्गड़ा त्यहीं गएर

अरू माग्नेहरूसित सुत्थ्यो। कति हिउँद, कति वर्षा उसले काटिसकेको थियो। अब उसको संसार नै बेग्लै भइसकेको थियो।

मागेर खानु जन्मसिद्ध अधिकार जस्तै उसले टान्थ्यो। जन्मदा आफू माग्ने नै भएर जन्मेको भनी उ सम्झन्थ्यो। आफ्नो पूर्वजन्मको पापले मानिसलाई विधाताले लङ्गड़ा बनाई, अन्धा बनाई, कुंजे बनाई, शक्तिहीन बनाई संसारको यातना र कष्ट भोग्न पठाएका होलान् भनी उ विचार गर्थ्यो। वर्षौं यही एकनासले जीवन यापन गरिरहेकोले मागी मागी पेट भर्नु सब उसले आफ्नो धर्म ठान्न थालेको थियो। सभ्य र परिष्कृत समाजदेखि धेरै पर गृहहीन भएर उसले संसारमा आफ्नो एकान्त जीवन बिताइरहेको थियो। सारा संसारले उसलाई अवहेलना गरे पनि, निर्दयतापूर्वक अमानुषिक व्यवहार गरे पनि उ मूक भएर नै सबै सहन गरिरहन्थ्यो -- सँधै भगवान्लाई संझन्थ्यो र उसको न्याय र अन्यायको विषयमा विचार गरिरहन्थ्यो।

भगवान् ऊपर उसको अलिकति पनि अविश्वास र शंका थिएन। सृष्टिकर्ताले बनाएको यो पृथ्वी सबै राम्रै छ त्यहाँ त नराम्रा कुरा केही छैनन्ऽः मरुन्ज्याल् मानिसले आफ्नो आफ्नो कर्तव्य गरिरहनुपर्छ भन्ने उसलाई लाग्थ्यो। तर कहिले काहीं असल अंग हुने राम्रो मानिसहरूले आफ्ना विकृत अंगहरू हेरेर हिस्सी उडाउँदा भने उसलाई अन्यस्थलसम्म आघात लागथ्यो। उसले आफ्ना अंगहरूतिर हेर्दथ्यो। आफ्नो अघिल्तिरबाट गइरहेको असल मानिसलाई पनि हेर्दथ्यो। अनि एउटा गम्भीर प्रश्न उसका हृदय कोटरमा आउँथ्यो।

.। उसले आकाशतिर उँभो टाउको उठाएर एकछिन हेर्दथ्यो। उसको हृदय उदास हुन्थ्यो। लङ्गड़ाको आत्मा दु:खित हुन्थ्यो, उसको आँखामा आँसु छल्कन लाग्थ्यो -- त्यसबेला भने सृष्टिकर्ताको न्याय हो वा अन्याय, उसले बुझ्ने चेष्टा गर्थ्यो। बाहिर उत्तिकै घनघोर वर्षा भइरहेको हुन्थ्यो। उ कतै ओत लागेर उदासमय प्रकृति हेरिरहन्थ्यो।

दार्जिलिङ्ग शहरमा बाक्लो धुवाँ जस्तै चारैतिर हुस्सु लागेको हुन्थ्यो, कि ता सिमसिमे पानी परिरहेको हुन्थ्यो। लङ्गड़ा थोत्रे छाता ओढ़ी सड़कको एक किनारमा नबोली घण्टौं बसिरहन्थ्यो। त्यहाँ हुस्सुले डम्म ढाकेको पृथ्वी हेर्नु उसलाई साह्रै मन पर्थ्यो त्यो हेर्दा उसले एउटा रहस्यमय आनन्द अनुभव गर्थ्यो। आफ्नो छेउबाट हिलोदेखि जोगिंदै सुकिलो लुगा लाउने स्त्री पुरुष एकोहोरो हिंडिरहेका हुन्थे। गोरुगाडाहरू गइरहेको हुन्थे। पीच लाएको कालो सड़क भिजेर टल्किरहेको हुन्थ्यो अनि त्यहाँ रङ्ग बिरङ्गका मोटरहरू हावा जस्तो बेगले दगुरेर हुस्सुभित्र बेपत्ता हुन्थे।

त्यो, आफूले यथार्थभा अनुभव नगरेको, त्योकल्पित संसार हेर्दा उसलाई बडो रहस्यमय लाग्थ्यो। अनेक गंभीर प्रश्न उसका मनमा आउँथे। उसको हृदय गंभीर प्रश्नले भारी हुन्थ्यो। यसरी घण्टौं आफ्नै विचारमा, आफ्नै कल्पनामा, आफ्नै संसारमा उ डुबिरहन्थ्यो। पानी दिनभरि परिरहन्थ्यो -- अनि झरी थामिएपछि जब दिन सफा हुँदै जान्थ्यो -- जब रमाइलो घाम लाग्थ्यो उसले लामो नि:स्वास लिएर आफ्नो चारैतिर हेर्दथ्यो। उसको अनुहारमा प्रसन्नताको क्षीण झलक देखिन्थ्यो अनि कुनै गम्भीर प्रश्नको समाधान भए जस्तो आनन्दले उ मुसुमुसु हाँस्थ्यो।

उदासमय प्रकृतिले उदास पारेको उसको हृदय फेरि एकाएक प्रफुल्लित हुन्थ्यो अनि बडो फूर्तिसाथ त्यहाँबाट उठेर अस्वाभाविक चालले घरँदै अन्यत्र जान्थ्यो। कहिले लोयडस् रोडको छेउमा जुत्ताको पसल अघिल्तिर बसेर मागिरहन्थ्यो। दिनभरि टन्टलापूर घाम लागिरहेको हुन्थ्यो। एक्कासी कालो बादल आई आकाश ढाक्थ्यो र पानी पर्न लाग्थ्यो। हेर्दाहेर्दै घनघोर वर्षा हुन्थ्यो। लंगड़ाले आधा बींड भाँचिएको धेरै ठाउँ टालेको थोत्रो छाता उघारेर पसलको आडमा ओत लाग्थ्यो।

तर दर्के पानीको बाछिटाले भने उसको जीउ जम्मै भिज्थ्यो। झन् हावा चल्न लागेपछि त उसको साह्रै दयनीय दशा हुन्थ्यो। उ जति छाताभित्र एक डल्लो परेर वर्षाको पानीदेखि बाँच्न खोज्थ्योहावाले झन् उसको छाता पल्टाउन खोज्थ्यो। दुबै हातले छाता समातेर जोगिंदा जोगिंदै पनि हावाले उसको छाता ह्वार्लाङ्ग उँभो फर्काइदिन्थ्यो। लंगड़ा दर्के पानीमा भिज्दै बडो कठिनले छातालाई सोझो पार्न खोज्दथ्यो अनि त्यहाँदेखि अर्कै ठाउँ सर्ने बल गर्थ्योलंगड़ाको त्यो अवस्था देखेर नजीकैको घड़ी पसलमा ओत लाग्ने मानिसहरू हाँस्थे रेस्तुराँको झ्यालबाट हेर्ने मानिसहरू पनि लंगड़ालाई हेरेर हाँस्थे। तर लंगड़ा त्यसको वास्तै नगरी पानीमा भिज्दैभिज्दै अर्कै ठाउँमा जाने कोशिश गर्थ्यो।

भरे राती पानी थामिएपछि भिजेकै लुगा लाएर उ सुत्थ्यो। कहिले बिहानदेखि बेलुकीसम्म सिमसिम पानी परिरहन्थ्यो। सड़क, गल्ली, छिंडी, घर, दलान, पानीले भिजेर सबै हिलै हिलो भएर दिक्क लाग्दो दृश्य हुन्थ्यो। यस्तो झरी बादलका दिनमा उसलाई गल्लीगल्ली घस्रिरहनु साह्रै सिक्सिको लाग्थ्यो र घण्टौं एकै ठाउँमा बसिरहन्थ्यो। पान खान आउने युवकहरूलाई उसले राम्री हेर्दथ्यो -- तिनीहरूको सुकिलो लुगा हेर्दथ्यो। उ छाता ओढेर भूइँमा टुकरूक्क बसिरहेको हुन्थ्यो।

भिजेको पृथ्वीदेखि एक किसिमको गन्ध उसको नाकमा आउँथ्यो। उसको मनमा त्यस वेला कस्तोकस्तो भावना र कल्पना आउँथे। उसके कसैको अनुहारमा हेरिरहेको कुनै अर्कै मानिसले देख्यो भने लंगड़ा इषत् लाज मान्थ्यो र आँखा अर्कैतिर घुमाउँथ्यो। तर उसले धेरै बेरसम्म छड्के नजरले घरिघरि फेरि उतैतिर हेरिरहन्थ्यो। पानी त्यतिकै परिरहेको हुन्थ्यो। कुकुरको जीउ पनि आधा भिजिसकेको हुन्थ्यो र त्यसको जीउ पनि गन्हाउँथ्यो।

त्यो पनि लंगड़ाको पिठ्यूँपट्टि छातामा आश्रय लिएर बसिरहन्थ्यो। यसरी पानको पसलमा बस्दा बस्दै रात पर्दै जान्थ्यो। हुस्सु लागेर 6 बजेतिर नै अँध्यारो हुँदै जान्थ्यो। पानको पसलमा अब पान र चुरोट किन्न आउने जाने धेरै मानिस हुँदैनथे। कुइरो र हुस्सुले सारा सहर नै छोपिसकेको हुन्थ्यो। एक त त्यसरी पानी दिनभरि परेर जताततै हिलो भएर दिक्क लाग्दो हुन्थ्यो।

उसमाथि हुस्सु छाएर झन् साँझको अन्धकार छाउँदै आउँदा चारैतिर एक प्रकारको उच्चाट लाग्ने वातावरण छाउँथ्यो। लंगड़ा काठको सहाराले घंत्रिदै पसलतिर खानेकुरो मागेर खान्थ्यो र अबेर गरेर आफ्नो झुप्रोमा फर्कन्थ्यो। झुप्राभित्र पस्नासाथ त्यहाँ एक किसिमको गन्ध आउँथ्यो जसको लंगड़ालाई बानी परिसकेको थियो। पानी परेको बखत उसको झुप्रोमा धेरै ठाउँ पानी चुहिरहन्थ्यो। देब्रेपट्टि अलिकति ओबानो ठाउँ थियो त्यहीं सुत्ने गर्थ्यो। धेरै बेर उसलाई निद्रा लाग्दैनथ्यो।

बाहिरको झरीको एकनाससित आइरहेको आवाज बाहेक अरू केही सुनिंदैनथ्यो। झरी परिरहेको वेला आधा राततिर उसलाई कहिले काहीं बेसुरो गीत गाउन पनि मन लाग्थ्यो र लाहुर गीतको भाका हालेर गुनगुनाइरहन्थ्यो। त्यस वेला उसलाई अव्यक्त आनन्द लाग्थ्यो ॥.। बाहिरको झरीको आवाज सुन्दा उसलाई ठूलो जंगलको माझमा पानीमा रुझदै एक्लै उभिरहेको जस्तो लाग्थ्योत्यस वेला उससे आफूलाई बिर्सन्थ्योआफ्नो माग्ने जीवन, वा कुँजे जीवनको उसलाई सम्झना नै हुँदैनथ्यो। दिनभरि आफूले घस्रोघस्रो मागेको सबै उसले बिर्सन्थ्यो। त्यस वेला आफू कुँजे छु लंगड़ो छु भन्ने उसलाई यादै हुन्नथ्यो।

राती कहिले मेघ गर्जेर कतै बज्र गिरे जस्तो आवाज हुन्थ्यो -- लंगड़ा डरले जुरुक्क उठेर अन्धकारमा टुकरूक्क बसिरहन्थ्यो। यो मेघको आवाजले उसलाई सानैदेखि असाध्यै डर लाग्थ्यो मेघको आवाजले उसका मनका सुन्दर सुन्दर भावनाहरूलाई टुक्राटुक्रा पारिदिन्थ्योउसका कल्पनाहरू छिन्नभिन्न हुन्थे। उ एक्कासी भावशून्य हुन्थ्यो र कातर भावले

प्वालबाट बाहिरतिर नियालेर हेर्न खोज्थ्यो। बाहिर चुक जस्तो अन्धकार बाहेक केही देखिंदैनथ्यो केवल वेला वेलामा आकाशको यो छेउदेखि उ छेउसम्म झिलिक्कझिलिक्क गरेको उज्यालोमात्र देखिन्थ्यो। प्रकृतिको यो उद्वेग् एकान्त संसारमा बसेको त्यो प्राणीलाई कस्तो उजाड़ र नीरस लाग्थ्यो भने त्यो उसैले मात्र जान्दथ्यो। त्यस वेला भने उसलाई संसारमा एक्लै छु जस्तो लाग्थ्यो।

आफ्नो कोही आत्मीय छैन जस्तो लाग्थ्यो। सारा सहरवासीहरू घोर निद्रामा हुन्थे -- लंगड़ाचाहिं जागा रहेर वर्षाकालमा चारैतिर पृथ्वीबाट खोला नालाहरू बढेर स्वाँ ॥. गरेको आवाज सुनिरहन्थ्यो। मिरमिरे उज्यालो भएसम्म यसरी बसिरहन्थ्यो। उज्यालो हुँदै जाँदा थामिन लागेको झरीको आवाज पनि मधुरो तर एकोहोरो भएर आइरहन्थ्यो। लंगड़ा त्यहाँ धेरै बस्न सक्तैनथ्यो -- त्यो वातावरण, त्यो उदासीन प्रकृति र रूझिरहेको पृथ्वीको मर्मर ध्वनि समेत उसको निम्ति असहनीय हुन्थ्यो। ॥. र उज्यालो हुनासाथ चाँड चाँडै उठेर त्यहाँबाट घसँदै उ बजारतिर आउँथ्यो।

हिउँदमा भने दिन काट्न उसलाई बडो मुश्किल पर्थ्यो। उसको जीउमा प्रशस्त लुगा हुँदैनथ्यो- ओढ्ने ओछ्याउने लुगा पनि धेरै हुँदैनथे। घाम नलागेको वेला त दिनभरि जाडाले थुरथुर कामि नै रहन्थ्यो। उसका ओंठ नीला हुन्थे। हात खुट्टा कक्रिएर हिउँ जस्ता चिसा हुन्थे। उसले आफ्ना सुकिसकेका दुवै पाँसुलामाथि माथिसम्म पुग्ने गरी फाटिसकेको पट्टी बेहेर राख्दथ्यो।

खुट्टामा फाटिसकेको क्यानभसको जुत्ता लाउँथ्यो। कहिले काहीं माग्नेहरूले आगो बालेर हात सेकाइरहेको देख्यो भने लंगड़ा पनि उहीं घसँदै गएर आगोको छेउमा बसिरहन्थ्यो। मैला गन्हाउने च्याथाच्याथा भइसकेका वस्त्र लाउने अरू माग्नेहरू त्यहाँ झुरूम्म भएर अनेक कुरा गरिरहन्थे तर लंगड़ा भने केही बोल्दैनथ्यो। उ चुप लागेर तिनीहरूका कुरा सुनिरहन्थ्यो। आफूलाई तिनीहरूभन्दा धेरै बाठो र धेरै अनुभवी ठान्थ्यो। बादल हटेर सरक्क घाम लागेपछि मात्र लंगड़ा त्यहाँबाट उठेर बजारतिर जान्थ्यो।

तर रात पर्न लागेपछि स्टेशनको नगिच त्यही ओत लाग्ने ठाउँमा आएर कुनापट्टि सुत्ने गर्थ्यो। हिउँदमा दिनले छिटै विदा लिएर रात आउने हुनाले रातको राज्य लामो हुन्थ्यो। सिरेटोले हानेर त्यो वस्त्रहीन प्राणीको मुटु पनि छेड्थ्यो। हावा ज्यादै चलेको रात त उसलाई निद्रा नै लाग्दैनथ्यो। रातभरी उ सुत्दैनथ्यो। टहटह जून लागिरहेको हुन्थ्यो।

चारैतिर शून्य हुन्थ्यो। जुनेली रातमा प्रकृतिको रूप ज्यादै उदासमय हुन्थ्यो। चारैतिर शून्य रातमा रूखपातहरू पनि शीतमा नुहाइरहेका जस्ता हुन्थे। शीतमा ल्याफल्याफति भिजेका रूखका पातहरू जूनको टकमा टल्कन्थे। ठूलठूला घर, कोठी, स्कूल, होटेल, पसल र बिल्डिङहरू पनि रातको चकमन्न वातावरणमा चुपचाप उभिरहेका जस्ता देखिन्थे मानो उनीहरू पनि कसैको मृत्युमा शोकमग्न छन्। जून नभएको रातमा त झन् असंख्य तारै ताराहरूले आकाश ढाक्तथे।

लंगड़ाले ती चम्किरहेका ताराहरू एकोहोरो हेरिरहन्थ्यो -- कोही ताराहरू केही बेर चम्केर फेरि एक छिन हराउँथे। फेरि एक छिनपछि उज्यालो भएर एक्कासी चम्कन लाग्थे। त्यो देखेर लंगड़ाको मनमा बालक अवस्थामा कसैले आफूलाई ती नक्षत्रका बारेमा सुनाएका अद्भुतकथाहरूको स्मरण हुन्थ्यो। उसको मनमा के के कल्पनाहरू आउन लाग्थे जति रात बढ्दै जान्थ्यो त्यहाँ उति शून्यता र गम्भीरता पनि बढ्दै जान्थ्यो। चकमन्न रातमा चिसो हावा बगेर सारा पृथ्वी कक्रिएको भान हुन्थ्यो। प्रकृति पनि मौन बसिरहेको जस्तो लाग्थ्यो।

सड़कमा बिजुलीहरू धीमा प्रकाशले बलिरहेका हुन्थे। स्टेशन वरपरको वातावरण ज्यादै शून्य र निस्तब्ध हुन्थ्यो। केवल रातको निस्तब्धतामा कताकता कुकुर भुकेको सुनिन्थ्यो। आफू बसेको ठाउँदेखि आधा रातमा उँधोतिर हेर्दा तल

जुबिली सेनिटोरियमका एकदुइ झ्यालहरूमा अझै बत्तीको प्रकाश देखिन्थ्यो। लंगड़ाले चुपचाप ती झ्यालहरूलाई एकोहोरो हेरिरहन्थ्यो। त्यहाँ बस्न आउने धनी मानिसहरूको उ कल्पना गर्न लाग्थ्यो।

तिनीहरूको आराम र ऐश्वर्य्य बुझ्ने उ चेष्टा गर्थ्यो। उसलाई अझ पनि सम्झना छँदै थियो एक पल्ट तल जुबिली सेनिटोरियोममा बस्न आउने एक जना बङ्गाली परिवार सधैं रिक्सामा चढेर चौरस्तातिर जान्थ्यो। त्यो परिवारमा एउटी सुन्दरी युवती पनि थिइन्। तिनले लंगड़ालाई भेटेको बखत सधैं बेगबाट एक रुपियाँ झिकेर दिन्थिन्। ती युवती कस्ती सुन्दरी थिइन् जुबिली सेनिटोरियमतिर हेर्दा लंगड़ाको मनमा अहिले पनि त्यस कुराको संझना हुन्थ्यो। ती युवतीको सुन्दर अनुहारको बारम्बार हृदयमा स्मरण हुन्थ्यो यसो हुँदा हुँदै रात सकिंदै जान्थ्यो र ताराहरू पनि बिस्तारबिस्तार हराउँदै जान्थे।

पृथ्वीमा उषाकालीन वायु बग्नुभन्दा अघि दार्जिलिंग सहर झिसमिसे अन्धकारभित्र नै छोपिएको हुन्थ्यो। तर हिमालको टाकुराहरूमा भने सूर्य्यको प्रथम किरण पर्नासाथ पर्वतराजले त्यहाँ रमाइलो सुनको मुकुट लाए जस्तो देखिन्थ्यो बाटाघाटामा पनि एकाबिहानै हिंड्ने दुधवालाहरू काँधमा दूधको ढुंग्रो लिएर घरघरमा गइरहेका हुन्थे। धीरधाम मन्दिरमा पूजाको आरम्भ भएपछि त बिहानको नीरवता राम्रै भंग हुन्थ्यो अनि पूजाको घण्टा धेरै बेरसम्म बजिरहन्थ्यो ॥.। त्यो एक नाससित आइरहेको मन्दिरको घण्टाको स्वरले बिहानको वातावरण साहै रमाइली, साहै पवित्र पार्थ्यो। लंगड़ा मिरमिर उज्यालो हुन थालेपछि उठेर एक्लै डल्लो परी बिहानको घाम नआएसम्म पर्खिरहन्थ्यो। मानिसहरू हिंड्न थालेपछि लंगड़ा पनि त्यहाँबाट घसँदै निस्केर मास्तिर गाड़ी हिंड्ने ठूलो सड़कमा आउँथ्यो र फेरि पसलमा रोटी र चिया मागेर खान्थ्यो।

कहिले काहीं तीनचार दिन घामै लाग्दैनथ्यो। जाड़ो चम्कन्थ्यो। दिन ढुस्स परेको हुन्थ्यो। हिउँ पर्लापर्ला जस्तो हुन्थ्यो। हिउँ पर्न थालेपछि त हिउँले बाटाघाटा सड़क एकदम सेताम्मे हुन्थे। सहरका बदमाश केटाहरू आएर हिउँको डल्लाले लंगड़ालाई खूब हान्थे -- हिउँको डल्लोले उसको कुममा, आमा, टाउकामा लाग्थ्यो।

लंगड़ा कराएर तिनीहरूपट्टि फर्केर गाली गर्थ्यो। यो क्रूर क्रीडाले धेरैलाई आनन्द दिए पनी कोहीकोही भावुक मानिस त्यहाँबाट हिंडिरहेका छन् भने लंगड़ाको त्यो दयनीय अवस्थामा टिठयाएर ती केटाहरूलाई हप्काउँथे। संसारमा उ त एउटा विकृत अंगभएको निर्बल प्राणी न थियो। यसैले मानव संसारभित्र भए पनि उ समाजहीन थियो। लंगड़ाको अवस्थामाथि न कसैले दया गर्थ्यो, न कसैले त्यति गम्भीर विचारगर्थ्यो। सबैले लंगड़ालाई दिन्हुँ देख्थे मानिसहरू सब आफ्नोआफ्नो चिन्तामा, स्वार्थमा डुबेर हिंडिरहन्थे।

उनीहरूलाई आफ्नो संसार बाहेक, आफ्नो दुःखसुख बाहेक अरूको चिन्ता अथवा वास्ता नै हुँदैनथ्यो। स्कूलका विद्यार्थीहरू, अड्डामा जाने किरानीहरू, बजारका पसलेहरू सबै लंगड़ालाई रोजै यता र उता घस्रिरहेको वा सड़कको छेउमा बसेर मागिरहेको देख्दथे। तर कसैलाई त्यस लंगड़ाको वास्तविक अवस्थामाथि विचार गर्ने अवकाश नै थिएन। कहिले काहीं भावुक भएर लंगड़ाले यो कुराहरू विचार गरिरहन्थ्यो। उसको निम्ति दिन्हुँ नै त सूर्य्य उदाउँथे। बेलुकी हिमाल र फालेलुंग डाँडापारि सूर्य्य अस्त हुन्थे -- अनि साँझ पर्दै गएपछि फेरि आकाशभरि ताराहरू चम्किरहन्थे।

यसरी रात शेष भएपछि भोलि फेरि सूर्योदय हुन्थ्यो अनि फेरि रात आउँथ्यो। अनि रात सकिएपछि फेरि दिन आउँथ्यो। यस्ता कैयौं दिन र रातहरू एकएक गरी लंगड़ाले काटिरहेको थियो। प्रतिदिन पेटको निम्ति माग्नु परे तापनि, दैनिक जीवनको एकनासपनले उसलाई दिक्क लागे पनि संसार एकोहोरो चलिरहेको देख्दा उसलाई कहिले त सपना जस्तो पनि लाग्थ्यो। उसको स्नेहहीन, सहानुभूतिहीन नीरस जीवन यसरी बितिरहेको थियो। न त्यो कहिले थामिन्थ्यो न कहिले त्यसको शेष हुन्थ्यो।

लंगड़ाले वर्षौंदेखि त्यहाँ यसरी जीवन काटिरहेथ्यो। उ कहाँबाट आएको थियो त्यो कसैलाई थाहा थिएन। वर्षौंदेखि मानिसहरूले उसलाई सधैं त्यतिकै देख्थे। कहिले काहीं कसैले उसको विषयमा सोध्यो भने उसले एउटा कुरा भन्थ्योकसैलाई अर्को कुरा भन्थ्यो। साहै खोजी गर्ने मानिस भेट्यो भने उ बिस्तारै त्यहाँबाट टोलिएर भाग्ने चेष्टा गर्थ्यो कि ता दिक्क मानेनर छोटकरीमा उत्तर दिन्थ्यो, हजुर, बरबटे कमान मेरो घर हो जन्मै लंगड़ा भएर जन्मेको ॥. पछि दुवै घुँडा राम्ररी सोझो पार्न नसक्ने भएँ ॥. कुँजे भएपछि के गर्नु ॥. हजुर परमेसुरले त्यस्तै लेखिदिएछ ॥. मागीमागी पेट भर्छु ॥. यति भनेर उ त्यहाँ धेरै नबसी कतै जान्थ्यो। कसैकसैलाई भने उसले अर्कै कुरा भन्थ्यो।

आफूलाई मन परेको वेला सोध्ने मानिसलाई जीवन कहानी सुनाउँथ्यो। उसले भन्थ्यो, घर नेपाल हो, हजुर ॥. नेपाल तीन लम्बरमा जग्गा छ, जमीन छ, खान लाउनु राम्रो पुगे नेपाल छोडेर किन मुगलान पस्नु पर्थ्यो? आफू सोह्र वर्षको हुँदा दोरलिंग पसेको। तर दिन दशाले गर्दा पहाड़ फर्कन सकिनँ ॥. यस्तै हालत भएर आज मागि पेट भर्दैछु ॥. डुली हिंड्छु ॥. एक मुठी सास छऊन्जेल अब हजुरहरूकै आछापीछामा छु ॥. के गर्नु हजुर ॥. तर आफू कसरी लंगड़ा भयो, आफ्ना अंगहरू कसरी विकृत भए त्यो भने कसैलाई खुलस्त भन्दैनथ्यो। कसैले त्यसका विषयमा सोध्यो भने वा बल्जफ्ती भन्न लायो भने लाज माने जस्तो गर्थ्यो, उसको मुख एकाएक गम्भीर हुन्थ्यो -- कालो हुन्थ्यो। अप्रस्तुत भएर भूइँतिर उ एकोहोरो हेरिरहन्थ्यो र धेरै बेरपछि टाउको उठाएर झिनो स्वरमा भन्थ्यो, ॥. एक जना ॥. मान्छेको घरमा गोठालो भएर बसेको थिएँ ॥. घाँस काट्थें ॥. एक दिन पानीझरीको दिनमा ठूलो पहरानेर एउटा रूख्रमा चढी पात काट्न लाग्दा भननन रिंगटा लागेर खसें। मन्तिर खोलामा पुगेंछु के गर्नु, मरिहालेको भए त बेसै हुन्थ्यो हजुर ॥. नत्र यो पाप दुनियाँलाई देखाउनुपर्ने थिएन।

यति भनेर उ त्यहाँबाट घरँदै अर्कै ठाउँ जान्थ्यो। घामले डढेर उसको अनुहारमा चाँया पनि परिसकेको थियो। उसको हिसि परेको अनुहार बिस्तार बिस्तार उमेर ढल्कँदै जाँदा चाउरी पर्दै गएको देखिन्थ्यो। उसको निधारमा धेरै रेखाहरू देखिन्थे। तिनै रेखाहरूबाट बाँच्नको निम्ति उसले जीवनमा गरेको संघर्षको परिचय पाइन्थ्यो। यसरी धेरै वर्षदेखि मागेर खाने उसको अभ्यास भइसकेको थियो।

दार्जिलिंग बजारको यो छेउदेखि उ छेउसम्म घसँदै हिंड्थ्यो। पहिलेपहिले ता उसले लामो लौरामा पाखुराको बलले झुण्डी एक खुट्टाले टेकेर हुर्रिंदै हिंड्ने गर्थ्यो। अर्को खुट्टाचाहिं खुम्चिएर झुण्डिरहन्थ्यो। तर पछिपछि उसको अर्को खुट्टा पनि नचल्ने भयो र दुवै घुँडा खुम्च्याएर हातमा काठ समाती त्यसका बलले घस्रिने गर्दथ्यो। दाहिने देब्रे दुवै हातले एकएकपट्टि काठ समाती त्यसका बलले घरँदै हिंड्दा पछिल्तिरबाट उ पिंग खेल्दै हिंडिरहेको जस्तो पनि देखिन्थ्यो। यसरी घखँदै कहिले स्टेशनसम्म पुग्थ्यो, कहिले तल मोटर बस उभिने ठाउँमा आएर अघिल्तिर बसिरहन्थ्यो, कहिले सब्जी बेच्ने बारिक र कहिले मासुको पसलतिर गएर बसिरहन्थ्यो।

कहिले घरँदै माथि चौरस्तासम्म पनि उ पुग्थ्यो। कहिले क्यापिटल सिनेमाको फाटकको अघिल्तिर भित्तापट्टि बोरा ओछ्याएर माग्न बस्थ्यो। पेट भरी खान पाएको दिन भने उ बेपर्वाही भएर यत्र तत्र डुलिहिंड्थ्यो। रात परेपछि कसैको दलानतिर गएर वा पसलको एक कुनामा ओत लागेर वा म्यूनिसिपल बिल्डिंगमन्तिर गएर सुत्ने गर्थ्यो यसरी डुलिहिंड्दा एक दिन उसले बजारमन्तिर गड्डीखानको छेउमा एउटा थोत्रे झोपडी जस्तो देख्यो। पहिलेपहिले ता सबैको दृष्टिबाट आफूलाई बचाएर रातिराति त्यहाँ आएर सुत्ने गर्थ्यो। बिहान सबेरै उठेर कसैले नदेख्ने गरी त्यहाँबाट हिंडिहाल्थ्यो -- कसैले केही आपत्ति नगर्दा पछिपछि उ त्यहीं निर्विघ्न सुत्न थाल्यो।

कहिले भने लंगड़ाले पेट भरी खान पाउँदैनथ्यो। उसलाई जरो आइरहेको हुन्थ्यो। भोकै तीन चार दिनसम्म लडिरहन्थ्यो। आफू यसरी भोकै बसेको वेला कुकुरले उसलाई छोडेर जान्थ्यो र गल्लीको नालीतिर मुख गाडी जुठो मैलाहरू टिपेर खान्थ्यो अनि लंगड़ाको छेउमा मुख चाट्दै आउँथ्यो। लंगड़ालाई त्यस वेला रिस उठ्थ्यो- डाह पनि हुन्थ्यो। भोको पेटको झोंकमा लौरो टिपेर कुकुरलाई हान्न खोजे जस्तो गरेर भन्थ्यो, काठा मैले खान दिइनँ भने त लप्लप् गरिहिंड्छस्? कुकुर पनि आफ्नो दोष स्वीकार गरे जस्तै गरी कातर भावले पुच्छर हल्लाउँदै लंगड़ाको छेउमा आएर गुँडुलिन्थ्यो लंगड़ा कुकुरको अनुहार एकहोरो जिज्ञासु भावले हेरिरहन्थ्यो।

कुकुर आफ्ना दुवै आँखा झिमझिम गर्दै थुतुनो भूइँमा तेस्र्याएर लंगड़ाको अनुहारमा यसरी हेरिरहन्थ्यो -- मानो कुकुरले अव्यक्त भावले भनिरहेको हुन्थ्यो तिमी त मान्छे भयौ साथी म कुकुर भएँ। मैले नालीमा मुख गाडेर खानेकुरो खाए पनि तिमीले ता त्यसो गर्न सक्तैनौ। हामी दुवैको संसारमा एउटै स्तर भए पनि तिमी मान्छे नै भयौ अनि म त कुकुर नै ठहरिएँ त्यस दिन बिहानै उठेर लंगड़ा घरँदै गड्डीखानको गल्ली उकालो गईरहेथ्यो। कुकुर पनि उसको पछि सुस्तसुस्त हिंडिरहेथ्यो। चौकको मैदानमा आइपुगेपछि लंगड़ाले लामो निःश्वास लियो र फेरि उकालै हिंड्न थाल्यो। चौरस्ता आएपछि उसले त्यहाँ केही बेरसम्म बसेर थकाई मार्यो।

उसको शरीर पसिनाले भिजेको थियो। त्यसपछि फेरि उ महाकाल बाबाको थानतिर बिस्तार बिस्तार घरँदै उकालो जान लाग्यो। महाकालको थानतिर जाने सड़कमा धेरै माग्नेहरू पहिले नै आएर सड़कको छेउछेउमा जाड़ाले काम्दै बसिरहेका रहेछन्। सबै माग्नेहरूभन्दा माथि गएर लंगड़ाले सड़कको छेउमा बोरा ओछ्यायो र त्यहीं बस्यो। आफ्नो कुम्लो र लौरो पनि उसले देब्रेपट्टि राख्यो अनि अघिल्तिर उसले सानो रूमाल फिंजायो। महाकाल बाबाको दर्शन गर्न जाने मानिसहरू आइरहेका थिए।

बिहानको चिसो हावा बगिरहेको थियो। रूख, पात, झार, जंगलमा तुषारो परेको थियो। किन्चिङ्गा हिमाल परिष्कार चाँदी जस्तो आज टल्किरहेको थियो। लंगड़ाको जीउको पसिना सुकेपछि उसलाई जाडो लाग्न थाल्यो। हिंड्ने मानिसहरू लंगड़ालै ओछ्याएको रूमालमा एक दुइ पैसा हालेर जान्थे। लंगड़ा केही नभनी उनीहरूका मुखमा टिठ लाग्दो आँखाले टुलुटुलु मात्र हेरिरहन्थ्यो।

लंगड़ाले यसरी हेर्दा पैसा नदिई जाने मानिसहरूका मनमा पनि एक प्रकारको दया आउँथ्यो र फर्केर एक दुइ पैसा दिएर जान्थे। आधा दिनसम्म लंगड़ा यहीं बसिरह्यो। अब महाकाल बाबाको दर्शन गर्न आउने मानिसहरू पनि थोरै हुँदै गए। लंगड़ा एक दुइ सातादेखि दुइ चार पैसा गर्दै जम्मा गर्न लागेको थियो- आज उसले रूमालको पोको झिक्यो र उ पैसा गन्न थाल्यो। आफूलाई एक पेट मोजले खाने पैसा जम्मा भएको देखेर उ खुशी भयो। त्यो पैसा उसले त्यही फाटेको रूमालमा राम्री बाँध्यो -- सन्तोषको लामो सास तान्यो र प्रसन्न चित्तले चारैतिर हेर्यो।

उसको जीउमा एक प्रकारको स्फूर्ति र आनन्द सञ्चार भइरहेथ्यो। उसले आफ्नो छेउमा घाम ताप्दै सुतिरहेको कुकुरलाई लौरोले त्यसको थुतुना हल्लाएर उठायो। लंगड़ा उठेर जान तर्खर गरेको देखेर कुकुर पनि उठ्यो र अन्यमनस्क भावले हाई गर्दै लंगड़ाको अनुहारमा हेरिरह्यो। लंगड़ाको चित्त भने बड़ो प्रसन्न थियो। उसको जीउमा स्फूर्ति आइरहेको थियो। उसले मनमनै विचार गर्न थाल्यो आज त पुरी मिठाईको पसलमा गएर मोजले पुरी, तर्कारी खान्छु, रसगोला, पेंडा खान्छु, सन्देश, जलेबी पनि खान्छु।

घिउको पुरी, मिठाई र सेल खाने कति दिनदेखि इच्छा थियो ओहो सधैं ता मिठाईको पसलमा घिउ र पुरीको गन्ध मात्र सुँघ्दै डुलिहिंड्थें आज त मनले खोजेका कुरा पेट भरी खान पाउँ व्यांग्राम। विधातालाई सम्झेर लंगड़ाले एकचोटी

पुलुक्क शून्य आकाशतिर हेर्यो। लंगड़ाले कुकुरलाई पनि सम्झ्यो। त्यस कुकुरतिर पनि फर्केर अलि दबेको स्वरमा निहुरिएर भन्यो -- हेर काले (उसले कुकुरको नाउँ काले राखेको थियो) तँ पनि सँधै त गल्लीको नालीतिर गएर जुठो कुराहरू खाई हिँड्थिस्। हेर, आज म पनि पेट भरी खानेछु -- तँलाई पनि मनग्गे खुवाउने छु। तँलाई पुरी मिठाई मन पर्दैन भने दही, मासु र भातै किनेर पेट भरी दिउँला।

काले कुकुरको जुनि लिए पनि तँ त बडो भाग्यमानी रहेछस् -- म जस्त लंगड़ा साथालाई पाएर एक बारको जुनिमा मोज लुटिस् लौ हिंड् काले अब। .। कुकुरले पनि लंगड़ाको भाषा बुझे जस्तो गरी उसको मुखमा हेर्दै पुच्छर हल्लायो लंगड़ाले त्यसलाई एकछिन सुम्युम्यायो र हाँस्तैहाँस्तै आफ्नो कुम्लो पिठ्यूँमा बाँधेर ओह्रालो घसँदै हिंड्यो। बजारमा आइपुगेपछि एउटा होटेलको अघि गयो र मासुभात किनेर टपरीमा पोको पारी रूमालमा बाँध्यो। त्यसपछि लंगड़ा पुरी मिठाईको पसलतिर लाग्यो। मिठाईको पसल अघिल्तिर पुगेर लंगड़ाले आफ्नो कुम्लो राख्यो र भूइँमा कुकुरलाई एक टपरी मासुभात खान दियो।

आफूले चाहीं पुरी, तरकारी, जलेबी, निम्की, पेंडा, सन्देश आफूलाई जेजे खान मन लागेको थियो किनेर खान थाल्यो। कहिले हलुवा मागेर खान्थ्यो, कहिले बुनिया। कहिले पुरी मागेर खान्थ्यो, कहिले सन्देश। खान मन लागेका सबै थोक आज लंगड़ाले किनीकिनी खान थाल्यो। आज जीवनमा उसले पहिलो पटक यसरी उपभोग गरिरहेथ्यो -- जीवनमा आजै आफूलै पैसा दिएर बड़ो गर्वका साथ खाइरहेथ्यो। सँधै ता निन्याउरो अनुहार लाएर घण्टौं कुरिरहँदा पनि कसैले उसलाई एउटा रोटीको टुक्रासम्म दिंदैनथ्यो।

सँधै पसलको अघिल्तिर बसेर घण्टौं मागिरहँदा एउटा पुरीसम्म उ पाउँदैनथ्यो तर आज लंगड़ाले कससित भिक्षाको निम्ति मुख बाएन - कसैलाई हात पसारेर, सलाम गरेर मालिक, प्रभु, हजुर भनेर दाँत ङिच्याउनु परेन। आज स्वतन्त्र भएर उ आनन्दले खाइरहेथ्यो। उसका आँखामा आज असीम आनन्दका रेखाहरू झल्किरहेका थिए। प्रसन्नताले उसको अनुहार आज धपक्क बलिरहेको थियो। पसलमा आउने जाने धेरै मानिस थिए। आज लंगड़ाले यसरी आफ्नै पैसा निकालेर खाइरहेको देखेर धेरै मानिसले कौतुकका दृष्टिले पनि लंगड़ातिर हेर्दथे।

यो बुझेर लंगड़ाले अझ बाहिरबाट सबै मानिसले सुन्ने गरी दुइचारवटा रसगोला र पन्तुवा माग्थ्यो र आफ्नो रूमालबाट पैसा झिकेर फ्याँकिदिन्थ्यो। आफूले किनेर स्वतन्त्रतापूर्वक खानमा कति आनन्द रहेछ आजै जीवनमा प्रथमोप्रथम लंगड़ाले अनुभव गर्यो कुकुर टपरीको मासु र भात खाइसकेपछि मुख चाट्दै लंगड़ाको अनुहारमा हेर्न थाल्यो। लंगड़ाले एउटा सेल टिपेर कुकुरको अघिल्तिर फालिदिएर भर्यो, खा अरू के खान्छस काले ? ॥. मेरो जीउ छउन्जेल मोज गर ॥. सँधै घण्टौं पसलको अघिल्तिर सलाम गर्दै मागी मागी खाने लंगड़ाको आज यस्तो रवाफ र पूर्ति देखेर मानिसहरूको मनमा आश्चर्य लागिरहेथ्यो। आज लंगड़ालाई आफ्ना बिग्रेका अंगहरूको वास्ता छैन मानिसहरूले आफ्नो अवस्थामाथि उपहास गर्लान् भन्ने उसलाई सम्झना पनि छैन किनभने कसैको अगाडि आज लङ्गड़ाले हजुर, एक पैसा भनेर टीठ लाग्दो आँखाले हर्दै दाताको अघि हात पसारेको थिएन। आफ्नै संसारमा लङ्गड़ा स्वतन्त्र थियो। लंगड़ाले यसरी पेटभरि खाइसकेपछि मुख पुछ्दै आफ्नो पोको काँधमा भिर्यो।

उसित अझ एकदुइ रुपियाँ जति उब्रेको थियो त्यसलाई चाहीं रूमालमा बाँधी पोल्टाभित्र घुसार्यो। यति गरेपछि उ दुवै काठको भरमा बडो फूर्तिसाथ घखँदै त्यहाँबाट हिंड्यो। लंगड़ा खुशीले घरँदै चोकको फाँटमा यता र उता डुलि हिड्यो। आज उ कतै माग्न गएन। आज उसको मन बडो हलुंगो थियो। आज उसको चित्ताकाशमा कुनै प्रकारको चिन्ता, भय, शंका वा निराशा थिएन।

आज असल अंग हुने संसारका अरू सर्वसाधारण मानिस जस्तै आफूलाई पनि उ ठानिरहेको थियो। दिनभरि रमाइलो घाम लागिरह्यो लङ्गड़ा बेलुकी जितेन झोड़ामाथि बस्ने हावा घरनिर वसिरह्यो। त्यहाँ सिमेन्टका खाँबाहरू थिए, त्यहाँ खयर र पानको चुना पुछेको दाग, पान खाएर थुकेको दाग, कोइलाले यत्रतत्र कोरिराखेका अश्लील चित्रहरूका रेखाङ्कन पनि थिएऽ: त्यहीं अढेस लागेर टाढातिर उ हेर्नलागेको थियो। कुकुर पनि उसैको छेउमा गुँडुलिएर निर्विघ्न सुतिरह्यो। दिन ढल्किसकेको थियो। बिहानको रमाइलो सूर्यका किरण अहिले फेरि अस्त हुन लागेको हिमालका टाकुराहरूमा देखिए।

ती सुनौला किरणले हिमालका दुष्पाहरू स्पर्श गर्दा त्यहाँ साह्रै राम्रो चित्रमय दृश्य देखिन्थ्यो। चारैतिर अन्धकार छाएर आॐइसकेको थियो- बेलुकीको हावा बग्न लागेको थियो। चाँदमारीका घरहरू अस्पष्ट देखिन लागे। आज प्रकृतिको सुन्दर तर उदासमय दृश्य हेर्दै लंगड़ा भावुक भएर साँझसम्म त्यहीं बसिरह्यो। आज उसको मनमा अतीतका धेरै घटनाहरू स्मरण भए। आज आफ्नो बाल्यकालको सुमधुर स्मृतिले उसलाई बड़ो उदास र भावुक बनायो।

उसलाई आफ्नो बाल्यकालको जीवन झल्यास्स स्मरण भयो। त्यो बेलाको जीवन सम्झंदा र अहिलेको जीवन सम्झाँदा उसलाई सपना जस्तै लाग्यो। उसले सुन्दर ठानेको संसारमा रहेर पनि आज उ समाजदेखि धेरै पर माग्ने भिखारीको एकान्त संसारमा आफूलाई एकलै बसिरहेको पायो। रात परेपछि लंगड़ा त्यहाँबाट उठ्यो। माथि चोकमा आइपुग्दा चारैतिर बिजुली बलिसकेको थियो। लंगड़ा निकै बेरसम्म एउटा बिजुली बत्तिको छायामनि बसिरह्यो।

आज उसलाई आफ्नो झुप्रोमा जाने इच्छा पनि भएन। रात निकै बित्न लागेपछि म्युनिसिपल बिल्डिङ्गको सिंढी उकालो घरँदै चढ्न लाग्यो। माथि आएर एउटा कुनामा बोरा ओछ्यायो। कुम्लो सिर्हानी बनायो। फेरि डल्लो परेर त्यहीं सुत्यो। फाटिसकेको मैला पाखी थियो त्यसैले मुख पनि ढाक्यो।

उसैको गोडानेर कुकुर पनि गुँडिलिएर सुत्यो। लंगड़ा चाँडै निदायो। उसले सपनामा आफ्नो कुकुरलाई देख्योकुकुर त एउटा मैला ढ्वाङ्गनिर सुतिरहेको रहेछ। लंगड़ा चाहीं वर सड़कको एक कुनामा मन्दिरको भित्तापट्टि सियाँलमा बसिरहेको थियो। देख्ता देख्तै एउटा गिद्ध आकाशबाट ओर्लेर आयो र गिद्धले कुकुरको मासु लुछन लाग्यो, कुकुर करायो। गिद्ध उडेर गयो।

कुकुर मरेनबाँच्यो। फेरि अर्को गिद्ध झम्टेर आई लंगड़ाको जीउमा बस्यो र उसको निधारमा टुंग्न लाग्यो। लंगड़ा करायो। अरू धेरै गिद्धहरू पनि आए अनि लंगड़ाको मासु लुछालुछ गर्न लागे। लंगड़ाले हेर्दा हेर्दै उसको जीउको मासु गिद्धले खाइसकेको देख्यो तैपनि लंगड़ा उठ्ने कोशिश गरिरहेथ्यो। एक छिनमा कुकुर आयो।

गिद्धहरू भागे। गिद्धले लुछिसकेको आफ्नो हाड़ मात्र भएको शरीरलाई मन्दिरको नालीमा लडिरहेको लंगड़ाले देख्योकुकुरचाहीं त्यसैको छेउमा अझ बसिरहेको थियो लंगड़ा सपनाबाट झस्केर ब्यूँझ्यो। उसले कस्तो सपना देख्यो उसलाई आश्चर्य लाग्यो -- उसले विचार गर्यो। तन्द्राबाट बिस्तारै उठेर उ टुकरूक्क बस्यो। आफ्नो जीउ छाम्यो। कुकुरलाई पनि उसले छाम्यो।

शीतले उसको जीउको लुगा भिजिसकेको रहेछ। चारैतिर शून्य थियो। टाढामा गिर्जाको घण्टाले दुई हानेको सुनियो। रातको निस्तब्ध प्रहारमा घण्टाको यो सानो ध्वनी समेत लम्मिएर कति टाढा पुग्दछ अनि सुन्नेको मनमा पनि अहिले त्यो गिर्जाको त्यो ट्वाङ्ग ॥. ट्वाङ्ग ॥. ध्वनि रातको शून्य वातावरणमा झन् झन् स्पष्ट भएर बजिरहेको सुनिन्छ तर छिट्टै रातको

पातलो हावामा मिसिएर त्यो ध्वनि लहरिंदै उतै फेरि गए जस्तो पनि लाग्दछ ॥.। लङ्गड़ालाई पनि अहिले त्यस्तै लाग्यो। धेरै बेरपछि लङ्गड़ा अलि परतिर सरेर फेरि सुत्यो।

मिरमिर उज्यालो हुनासाथ लंगड़ाका आँखा उम्रे। चारैतिर मान्छे ठिम्याउन नसक्ने जस्तो झिसमिसे उज्यालो छाइरहेको थियो। चारैतिर शून्य र चकमन्न थियो। रातभरि चलिरहेको हुरी पनि थामिइसकेको थियो। पृथ्वी नै रातीको हुरीले उजाड पारेर गए जस्तो अहिले त्यहाँ यस्तो नीरवता झुण्डिरहेको थियो। लंगड़ा आफ्नो झुप्रोको एक कुनामा जाडाले एक डल्लो परी सर्प जस्तो गुँडुलिएर सुतिरहेको थियो।

ढोकामा आग्लो लाएको थियो तापनि प्वालहरूबाट उषाकालीन प्रकाश त्यो उच्चाट लाग्ने झुप्रोभित्र छिरिरहेको थियो। पाखीले घुर्लुम्म सबै मुख छोपेर लंगड़ा सुतिरहेको थियो। उसलाई त्यो एकान्तमा, त्यो निर्जन ठाउँमा सुतिरहँदा यस्तो लाग्दथ्यो, पृथ्वीमा शरीरधारी प्राणी अहिले उ मात्रै जीवित छ ॥.। बिहानसम्म त सपनामा उ कुकुरसितै खेलिरहेको थियो। कुकुरसितै डुलिरहेको थियो। अहिले आफू ब्यूँझदा पनि उसले कुकुरलाई आफ्नै छेउमा सुतिरहेको सम्झिरह्यो।

तन्द्रामा उ टोलिइरहेको थियो। हठात् झसंग भएर उसले पाखी पल्टाएर मुख उघार्यो -- कुकुर रहेनछ। झुप्रो चारैतिर हेर्यो मुन्टो तन्काएर कुनातिर पनि हेर्यो कुकुर कहीं रहेनछ। उ एकछिन जिल्ल परिरह्यो। अनि बिस्तारै उसलाई राम्रै सम्झना हुँदै गयो। ॥. कुकुर त दुई दिनदेखि हराएको थियो।

उसलाई कुकुरको सम्झना भयो। कुकुरको तातो शरीरले उसलाई छोइरहेको जस्तो लाग्यो- कुकुरको आंग र थुतुनो गह्राइरहेको जस्तो लाग्यो। उसले आँखा चिम्लेर कुकुर सम्झिरह्यो - कहिले त्यो गुँडुलिएर आफ्नो छेउमा सुतिरहन्छ ॥. कहिले खुशीले पुच्छर हल्लाउँदै आफ्नो जीउमा टेकेर माथि घुँडासम्म थुतुनाले चाट्न चाट्न पुग्छ -- कहिले लुखुर लुखुर गल्लीको ओह्रालो उकालो गरिरहन्छ कहिले नालीतिर जूठो हड्डीका टुकाहरू खाइरहेको हुन्छ -- कहिले जीतेको दलानमा गएर सुतिरहेको हुन्छ कहिले चोकको वरपर हिंडिरहेको हुन्छ- कहिले धनबहादुरको आँगनमा गएर घाम तापिरहन्छ -- कहिले वर्षाको मुसलधारे पानीमा निथुक्क भिजेर गड्डीखानको ओह्रालो छिंडीमा गइरहेको हुन्छ -- कहिले स्टेशनको छेउमा खलासीहरूले त्यसलाई जिस्काइरहेका हुन्छन् - कहिले आफ्नै छेउमा त्यो बसिरहेको हुन्छ -- यस्तै अनेक कल्पित चित्रहरू आँखामा ल्याउँदै लंगड़ा निकै बेरसम्म सुतिरह्यो। बाहिरको प्रकाश झुप्रोभित्र छिर्न खोजिरहेको थियो। झुप्रोभित्रको धमिलो उज्यालोमा लंगड़ाले आफ्ना वरिपरिका वस्तुहरू देख्यो -- आफ्नो लौरो थियो, भित्ताको कुनापट्टि च्याश्रा भइसकेका अस्कोट र कमीज थिए। मैलिएर कालै भइसकेको पटुका पनि थियो, एक दुइवटा टिनका बट्टाहरू पनि थिए, धुलै धुलोले ढाकिएको भूइँ थियो।

आधा च्यातिएको एउटा अखबारको टुक्रा पनि भूइँमा थियो, वरिपरि बिंड़ी र सलाइका टुक्राहरू छरिएका थिए, काठको आग्लो अनि चारैतिर टिनले बारेको एउटा छाप्रो थियो अनि मास्तिर उही टिनको छानु ती वस्तुहरू त प्राणहीन थिए तापनि लंगड़ा तीसित चिरपरिचित थियो मानो तिनीहरूका दुःख सुख लंगड़ाले बुझ्न सक्थ्यो अनि तिनीहरूले पनि लंगड़ाको दुःख सुख बुझ्न सक्तथे। लंगड़ाको निम्ति तिनै वस्तुहरू एउटा परिवार जस्तो भइसकेका थिए। तर आज ती सबै वस्तु लंगड़ालाई निर्जीव, चिसो र प्राणहीन लागे। तीसित न आफूले केही कुरा गर्न सक्थ्यो, न ती वस्तुहरूसित आज आफ्नो आत्मीय सम्बन्ध छ जस्तो लाग्यो। आज यही निर्जनतामा यिनै प्राणहीन वस्तुहरूको माझमा उसले आफूलाई पनि एव लै अर्ध मनुष्यको रूपमा सुतिरहेको पायो आज उसलाई राम्रै थाहा भयो- संसारमा अहिले उसको कोही परिवार रहेनछन्, कोही आत्मीय रहेनछ, कोही समाज रहेनछ। चारैतिर उसको निम्ति शून्यता, नीरसता मात्र रहेछन्।

आज उसलाई असाध्ये नरमाइलो लाग्यो। आज झुप्रोको यो नीरवलताले उसलाई झन् अधीर बनायो। लंगड़ा उठेर दुकरुक्क बस्यो। उसले आफ्नो जीउ पाखीले बेहेको थियो। तैपनि जाडाले उ कामि नै रहेथ्यो। उसका आँखालाई गम्भीर नैराश्यले ढाकिसकेको थियो।

उसको दृष्टि देब्रेतिरको भित्तामा टाँसिएको थियो। एकोहोरो हेरिरहँदा त्यहाँ कुकुरको चित्र देखियो, फेरि मान्छेको टाउको जस्तो चित्र पनि देखियो, कहिले धेरै कुकुर मैदानमा एक साथ निस्केको जस्तो देखियो, कहिले भैंसी जस्तो पनि देखियो - यसो हुँदाहुँदै त्यहाँ धेरै गिद्धको चित्र देखियो ॥. अनि लंगड़ा झस्क्यो। उसलाई अस्तिको सपनाको झल्यास्स सम्झना भयो। त्यो सपनाको सम्झनाले उसलाई दिवक लाग्यो। त्यो सपना उसले आफ्नो सम्झनाको पाटीदेखि मेट्न खोज्यो, त्यो सम्झनालाई पन्छाउने चेष्टा गर्यो। तर सम्झना पुछिएन्।

झन्झन् त्यो सम्झना वर वर हुँदै आयो। आफ्नो चारैतिर गिद्धहरू उडिरहे जस्तो उसलाई लाग्यो। कुकुर पनि रगतले मुछिएर बसिरहेको जस्तो लाग्यो। उसका आँखा तिरीमिरी भइरहे। कुकुरलाई गिद्धले टुंगिरहेको उसले धेरै बेर सम्झन सकेन। कुकुरको उसलाई साह्रै माया लाग्न थाल्यो।

उसका आँखामा आँसु आउँन खोज्यो। उसले बलजफ्ती आँखा चिम्म गर्यो। पट्टल बाँध्यो। तै पनि कुकुरको सम्झना मनबाट हटेन। उ चिच्याउन खोज्यो। उसले भूइँमा थुक्यो।

यसरी उसले कुकुरको बारेमा कल्पना गर्दा गर्दै कुकुर त्यही छेउको नालीमा डुलिरहेको जस्तो पनि लाग्यो। उसले आग्लो अलिकति उघार्यो र बाहिर नियालेर हेर्यो। तर गल्ली शून्य थियो। त्यहाँ कोही मानिस पनि अझ उठेको रहेनछ। शीत र तुषारोले घरका छानु, रुखपात र सड़क भिजिसकेका थिए। प्रातःकालीन हावा तल बोटानिकल गार्डनबाट उँभो हानिएर बगिरहेथ्यो।

रूखका पातहरू सरसर गर्दै मन्दमन्द गतिले हल्लिरहेका थिए। त्यसै बेला कोही हिंडिरहेको जुत्ताको आवाज आयो। जुत्ताको भद्दा ग्रापग्राप आवाज झन्झन् नजीकै आउँदै गयो। लंगड़ाले मुन्टो तानेर आग्लोबाट चियायो। एउटा पुलिस माथिबाट आउन लागेको रहेछ पुलिसलाई देख्नासाथ उ झस्क्यो। उ भित्तापट्टि टाँसियो र सास रोकेर बसिरह्यो।

उसको मुटु ढुकढुक गर्न थाल्यो। उसका दुवै आँखा चञ्चल भइ उठे -- उसका दुवै कानले जुत्ताको त्यो भद्दा आवाजलाई अनुसरण गरिरहेका थिए। त्यो जुत्ताको आवाज एकछिनपछि पातलो हुँदै गयो अनि बिस्तार बिस्तार नसुनिने हुँदै त्यो आवाज त्यतिकै हरायो। लंगड़ाले लामो निःश्वास लियो। झर्को मानेर एकछिन गुनगुनाइरह्यो। उसले एउटा बिडी झिकेर सल्कायो र धुवाँको बीचमा लट्टिएर झोक्रिरह्यो।

बिहान भइसकेको थियो। चारैतिर राम्रै उज्यालो भइसकेको थियो। हावा केही जोरले बग्न थाल्यो। लंगड़ालाई साहै जाडो लाग्न थाल्यो। सँधै त लंगड़ा बिहानै उठेर घरँदै चियाको पसलमा गएर चिया मागेर खान्थ्यो। जाडाको महीनामा उसलाई बिहानै चिया नभई हुँदैनथ्यो।

आज लंगड़ा मन मारेर आफ्नो झुप्रोमा धेरै बेरसम्म बसिरह्यो। उसको मनमा न केही उत्साह थियो, न हर्ष न आशा। उसले आफ्ना दुवै हातले मुख छोप्यो। उ झोक्रिरह्यो। प्रतिदिन बाँचनाका निम्ति उसले माग्नु पर्थ्यो -- तर यो एकनासिसित बितिरहेको जीवनले आज उसलाई ज्यादै विरक्त पार्यो। एउटा साथीको रूपमा आफ्नो दुःख सुखमा टाँस्सिएर बसेको एउटा मूक पशु त थियो त्यसैको निःस्वार्थ प्रेममा, त्यसैको मोहमा उ बाँचिरहेको थियो।

यसरी धेरै बेरसम्म उ त्यहीं बसिरह्यो। वारीपारी घरहरूमा बल्ल बिहानको घाम लागेको देखियो। लंगड़ाले लामो निःश्वास लियो -- आफ्नो पोको काँधमा भिर्यो र आफ्ना लट्ठी र दुवै हातमा काठ समातेर बाहिर निस्क्यो। यसरी लंगड़ा बिस्तार बिस्तार आज एक्लै गड्डीखानको उकालो घसँदै हिंडिरहेको थियो। चोकभरि आइतबारको हाट लागेको थियो। चारैतिर सागसब्जीको पसलले फाँट डम्म थियो।

हाट भर्न आउने मानिस धेरै थिए। लंगड़ा त्यहाँ पनि नबसी बिस्तार बिस्तार स्टेशनतिर गयो। उसलाई सपनाको कुरा सम्झना भइरहेथ्यो। उ धीरधामको फाटकसम्म घरँदै पुग्यो। उसले यताउति हेर्यो, बाटा मनि माथि पनि हेर्यो चारैतिर आँखा घुमायो। तर कुकुर भने त्यहाँ थिएन।

सपनामा आफूले देखेको बिजुलीको खाँबा पनि त्यहाँ रहेनछ ॥. उ निकैबेर त्यहाँ बसिरह्यो। तर आज लंगड़ाले हात पसारेर बाटा हिंड्ने मानिसलाई भिक्षा मागेन। उ केवल मानिसको मुखमा पुलुक्क हेर्दथ्यो। उसको अनुहार आकृति नै उदास थियो। एक दुइ मानिसले लंगड़ाको अघिल्तिर दुइ चार पैसा फालिदिए। लंगड़ाले केही नबोली पैसा टिप्यो र शून्य दृष्टिले टाढातिर हेरिरह्यो।

एउटा चिल आएर बाटामनिको चाँपको रूखको एउटा हाँगोमा बस्यो। लंगड़ाले त्यो चिललाई हेर्यो। आज उसलाई आफू पनि त्यो चिल जस्तै भएर आकाश आकाश उड्दै शहर, पाहाड, जंगल, खोला, नाला काटी, मुलुकमुलुक डुल्ने इच्छा भयो ॥. देश विदेश हेर्ने इच्छा भयो ॥. त्यसै बखत पारीपट्टि कसैको कुकुरको छाउरा एकोहोरो भुकेको स्वर सुनियो। लंगड़ा झसंग भयो ॥.। आज कुनै कुकुरको भुकाइले पनि उ झसंग हुन्थ्यो। उसले पारी गाउँमा हेर्न खोज्यो -- त्यहाँ आठ दश जना मान्छे आँगनमा थुप्रेर ताश खेलिरहेका रहेछन्।

परतिर केटाकेटीहरू पनि घाममा खेलिरहेका रहेछन्। एउटा खैरे कुकुरलाई कसैले जिस्काइरहेको रहेछ ॥.। लंगड़ालाई विरक्त लागेर आयो। अब उसलाई त्यहाँ बस्ने मन भएन। उ त्यहाँबाट पनि हिंड्यो। जज बजारमा आइपुग्दा रेलको लिखनेर दुइवटा कुकुरहरू घाममा पल्टेर सुतिरहेका देख्यो।

लंगड़ाले धेरै बेरसम्म ती कुकुरहरूलाई हेरिरह्यो। उ केही सोचिरहेको थियो। त्यहाँबाट घखँदै उ फेरि चोकको एक कुनामा आइपुग्यो। त्यहाँ पनि चारैतिर हाट भर्न आउने मान्छेको भीड रहेछ। उसलाई दिक्क लाग्यो। उ घखँदै हाइस्कूल जाने सड़कको मोडमा फेरि आयो।

उसलाई भोक लागिरहेको थियो। दश बजिसकेको थियो। एउटा भलादमी तलतिरबाट आइरहेको थियो। लंगड़ाको मनमा सानो आशा पल्हायो। उ हत्तपत्त घसँदै सड़कको माझमा आयो र भलादमीलाई सलाम गर्दै पैसा माग्यो हजुर ॥. त्यो भलादमी तर्केर गयो। त्यसले फरक्क फर्की घृणापूर्ण आँखाले लंगड़ातिर हेर्यो।

लंगड़ाको स्पर्शले मात्र पनि त्यसको शरीरमा फोहोर लाग्ला जत्तिकै त्यसले गर्यो लंगड़ा आश्चर्य्यले विस्मित भयो। त्यो मानिसमा मानवताको एक बूँदसम्म पनि रहेनछ। उसले त्यो भलादमीलाई त सधैं देख्ने नै गरेको थियो- अरू किरानीहरू सरह त्यो पनि आफ्नो अड्डा रोजै त्यहाँबाट जाने गर्थ्यो कहिले काहीं त्यसलाई आफ्ना परिवारकासाथ हाटतिर डुलिरहेको पनि देखेको थियो। लंगड़ाले प्रायः त्यसलाई देख्ने गरेको, त्यसले पनि लंगड़ालाई रोजै मागिरहेको देखेको परन्तु त्यो त भलादमी थियो त्योसित सुन्दर स्वास्थ्य थियो त्योसित पैसा थियो। अनि लंगड़ा थियो पङ्गु, सड़कको माग्ने भिन्नता त्यसैमा थियो। हुनलाई त उ पनि मान्छे -- उ पनि मान्छे।

तर आफू भलादमी हुँ भन्ने सम्झी उ मानवताको तहबाट धेरै तलतिर गिरेको थियो। लंगड़ा फर्केर अघिकै ठाउँमा आएर बस्यो। दुनियाँको यो विचित्रता देखेर उ जिल्ल परी हाँस्न खोजिरहेको थियो। तर उसको हँसाइमा आँसु बादल भएर मानव हृदयको अन्तरभित्र रसिन पुग्दथ्यो। किनभने अन्तर्द्वन्दले उसलाई विक्षुब्ध पारिसकेको थियो। उसका आँखामा सभ्य समाजप्रति अवज्ञा नाचिरहेको थियो।

उपेक्षा, उदासीनता, अकर्मण्यता र संघर्षका हजारौं फिलिंगाहरू आएर उसको हृदयलाई डाम्न खोज्थे। तर उ मूक नै थियो। उ बोल्न पनि सक्तैनथ्यो। तो त उसको निम्ति रोजै भइरहने घटना थियो ॥.। मास्तिरबाट एउटा अल्लरे ठिटो हातमा नाम्लो झुण्डाएर कोइलाको पसलतिर गइरहेको थियो। कोइला बोक्ता बोक्ता उसको शरीरको बस्त्र र अनुहार समेत कोइला जस्तै भइसकेको र पसीना उसको निधारबाट बगिरहेको थियो।

कालो बिर्खे टोपी लाएको, मैला अस्कोट लाएको, घुँडा नछोपिने गरी आधा सुरुवाल लाएको, दौरामाथि पटुका पनि बाँधेको थियो -- उसको अनुहारमा निर्दोस हाँसो खेलिरहेको थियो। जुंगाको रेखी बसिसकेको -- ठूलाठूला तिग्रा भएको जवान ठिटो थियो। अस्ति दशैं तिहारमा आफूले गाएको तामांग गीतको भाका हाल्दै आफ्नै धुनमा ओह्रालो कोइलाको पसलमा जान लागेको थियो। उसको आँखा लंगड़ामाथि पर्यो। उ गुनगुनाउन छोडेर ठीङ्ङ उभिया। उसका आँखा आश्चर्य र जिज्ञासाले चम्के।

उसले लङ्गड़ालाई एक छिनसम्म हेरेर केही सोध्न खोजेको थियो तर उ चुप लाग्यो। सोधेन। उसले आफ्नो अस्कोट छाम्यो। एउटा ताँबाको पैसा र दुइटा दुअन्नी भेट्टायो। हातको नाम्लो काँधमा फाल्यो र लङ्गड़ाको अघिल्तिर आएर खस्रो परन्तु सहानुभूतिको कण्ठमा भन्यो- ए दाइ लौ चिया खाजा किनेर खाऊ लङ्गड़ाले हात पसार्यो। एउटा ताँबाको पैसा र दुइटा दुअन्नी हातमा खसे।

छक्क परेर लङ्गड़ाले त्यो जवानको आँखामा पुलुक्क हेर्यो। त्यो जवान हाँसिरहेको थियो। उसको अनुहार कोइलाको धुलाले कालो देखिए तापनि त्यो कोइला बोक्ने कुल्लीको अभ्यन्तर उदारता, मानवता र आत्मीयताले साहै उज्ज्वल, साहै पवित्र र निष्कलंक देखिन्थ्यो त्यो जवान कुल्ली फेरि तामाङ्ग गीतको भाका हाल्दै छिंडितिर पस्यो। लङ्गड़ाले उसलाई हेरि नै रहेको थियो निस्फीक्रिसित त्यो जवान आफ्नो गीतको लयमा हातको नाम्लो हल्लाउँदै गइरहेको थियो। एकै छिनपछि एउटा भित्ताले उसलाई छेक्यो र उ नदेखिने भयो। लङ्गड़ाले लामो सुस्केरा हाल्यो।

आधा दिनसम्म उ यता र उता गरिरह्यो, कहिले चोकको फाँटमा बसिरह्यो, कहिले पानको पसलको अघिल्तिर बसिरह्यो कहिले मासुको पसलनिर गएर बसिरह्यो। लङ्गड़ालाई दिक्क लाग्यो। उ चौरस्तातिर जान लाग्यो। दिन रमाइलो गरो उम्रेको थियो। सिनेमा हेर्न जाने मानिसहरू रिकं सिनेमातिर जान लागेका थिए। लंगड़ा पनि आफ्ना दुवै पाखुराको बलले घसँदै उकालो गइरहेको थियो।

बिचउड रोडबाट उ फेरि उकालो लाग्यो। ठूलो डाकघरको अघिल्तिर घुम्तीमा पनि उ आइपुगेको थियो माथिबाट ओह्रालो वेगले दौडाएर ल्याएको एउटा मोटरले लंगड़ालाई किल्चेर झण्डै धुलो पार्यो। तर मोटर वेगले हानिएर सड़कको छेउतिर गयो र लंगड़ा अलिकतिले बाँच्यो। तर लंगड़ालाई त्यो केही जस्तो लागेन। उसको अनुहार एकोहोरो थियो -- उ अर्कै भावमा, अर्कै विचारमा डुबेको थियो। मानिसहरू उसको अघिल्तिर पछिल्तिर हिंडिरहेका थिए कुनैकुनै मानिसले हातमा छाता बोकेर वा लट्ठी टेकेर लामोलामो पाइला सार्दै आफ्नो अघिल्तिर हिंडिरहेको देख्यो भने उ त्यो मानिसलाई धेरै बेर हेरिरहन्थ्यो अनि अन्यमनस्कभावले आफ्नो घुँडा मुसार्थ्यो, गोडा छाम्थ्यो र एउटा उद्वेगले उ घसँदै हिंड्न थाल्थ्यो।

उ पनि त्यसरी नै त्यो असल मान्छे जस्तो हिंड्न खोज्थ्यो। यसरी मोटरले झण्डै किचेर उसलाई मारेको एक जना मान्छेले हेरिरहेको थियो। त्यो मान्छे आफ्नो भद्दा जुत्ता ग्याप् ग्राप् बजाउँदै लंगड़ाको छेउमा आयो र भन्यो -- 1. आँखा छैन? छेउ लागेर हिंड्नुपर्छ नि मोटरले किचेको भए ॥. हेर, आन्द्राभुँडी निस्कने ॥. लंगड़ाले त्यो मानिसको मुखमा पुलुक्क हेर्यो। त्यसले बोलेको भाषा नबुझे जस्तो गरेर त्यस मानिसको अनुहार वाल्ल परेर हेरिरह्यो। त्यो मानिस फेरि अल्लि झर्को माने जस्तो गर्यो तर फेरि केही भनेन। एक छिनपछि त्यो मानिस असजिलो मानेर नजीकको एउटा रेस्तुराँतिर गयो।

लंगड़ाको आँखाले त्यसलाई पच्छ्याइ नै रहेको थियो। तर रेस्तुराँभित्र पसेर त्यो मानिस फेरि निस्केन। एक छिनपछि त्यो रेस्तुराँ भित्रबाट एक जना ठिटो र दुइटी ठिटीहरू निस्के। त्यो नेपाली ठिटोको पोशाक अंग्रेजको जस्तो थियो, हातमा सिग्रेटको टिन र मुखमा सिगरेटको ठुटो पनि च्यापेको थियो, अनुहार गोरो भए पनि त्यो निस्तेज, क्रान्तिहीन निंबु निचोरेको जस्तो अनुहार थियो। ती ठिटीहरूका हातमा एकै रंगका ब्याग थिए। दुवैका अनुहार त गोरो तर अनुहारमा पाउडर, क्रीम, र ओठमा लिप्स्टिक दलेको थियो हेर्दा जापानी पुतली जस्ता देखिन्थे।

एक जना ठिटीले त हातमा सिगरेट पनि च्यापेकी थिई त्यसका दुवै आँखो भौं लेख नजान्ने चित्रकारले कोरे जस्ता काला बेढपका धर्सा थिए। त्यो देख्ता लंगड़ाको भाव तरंग एक छिन खलबलियो उसलाई लाग्यो, यिनै प्राणीहरू सिनेमाका नायक नायिका बनेर दुनियाँमा रंगमञ्च देखाउँदा होलान् उ त्यहाँ पनि धेरै बस्न सकेन। लंगड़ा फेरि उकालै जान लाग्यो। हेर्दा टाउनहलको घडीमा अढाइ बज्न लागेको रहेछ। टाउनहलको फाटकको सम्मुख आइपुग्दा माथिबाट एउटा मोटर आयो र फाटककै अघिल्तिर थामियो। भित्रबाट एक जना मानिस निस्क्यो।

मानिस पुड्को थियो तर पोशाक भने अंग्रेजकै जस्तो थियो। मोटरबाट एक जना स्वास्नीमान्छे पनि निस्कन लागेकी थिई। त्यसले आँखामा गोगल्स् लाएकी थिई त्यसका ओंठमा रातै लिपिएको लिप्स्टिक टाढैबाट छर्लङ्ग देखिन्थ्यो। लंगड़ा हेरिरहेको थियोती दुवै नेपाली नै रहेछन् दुवै क्यापिटल सिनेमा घरतिर लागे -- लंगड़ाले पछिल्तिरबाट हेरिरह्यो। उसका आँखामा, त्यो स्वास्नीमान्छेले हातको ब्याग हल्लाउँदै कम्मर मर्काईमर्काई मानिसको पाखुरा समातेर हिंडिरहेको दृश्य धेरै बेर नाचिरह्यो। लंगड़ाको अघिल्तिर दुइ तीनवटा, सिनेमाका पोस्टरहरू टाँस्सिएका थिए।

एउटा पोस्टरमा लडाईंको वीभत्स दृश्य थियो अर्कोमा एकजना मानिसले अर्कोलाई गोलो हान्न लागेको थियो, अर्कोमा एउटी ठिटीलाई आफ्ना बाहुपाशमा राखी एउटा युवकले म्वाई खाइरहेको दृश्य थियो। यी पोस्टरहरूलाई केही बेर लंगड़ाले हेरिरह्यो। लंगड़ा त्यहाँ धेरै नबसी फेरि बजारतिर आयो। यसरी दिनभरि यता र उता गरिरह्यो। उसलाई कता जाउँ कता जाउँ जस्तो लागिरहेको थियो। यसो हुँदा हुँदै दिन ढल्किसक्न लागेको थियो।

अब उ बिस्तारबिस्तार लयेडस् रोडको उकालोमा घस्रन थाल्यो। उसका दायाँ बायाँ घडीका पसल र जुत्ताका पसलहरू थिए। मानिसहरू त्यतिकै हिंडिरहेका थिए। सबै आफ्ना आफ्नै विचारमा मस्त थिए। कसैलाई लंगड़ाको मानसिक अवस्थामाथि विचार गर्ने अवकाश थिएन ॥. कसैलाई उसको अवस्थामाथि सहानुभूति प्रकट गर्ने समय थिएन। सड़क मुनि माथि त्यस्तै घर, कोठी, पसल, होटल, रेस्तराँ थिए जहाँ लंगड़ाभन्दा धेरै असल र धनी मानिसहरू थिए -- जहाँ ऐश्वर्य्यको निम्ति उनीहरूसित अनेक साधन थिए।

ती मानिसहरूले लंगड़ा जस्तो घत्री घत्री माग्न पर्दैनथ्यो -- पेट पाल्न पर्दैनथ्यो -- जाडादेखि बाँच्न बोरा वा थांगनामा बेहिएर च्याथ्रा भइसकेका लुगा लाएर कसैको दलान दलान आश्रय लिएर रात काट्न पर्दैनथ्यो -- पानी झरीदेखि बाँच्न कसैको कुना, काप्चा, दलान र बिल्डिङ्गहरू मनि गएर ओत लाग्न पर्दैनथ्यो। बाँच्नाको निम्ति तिनीहरूले लंगड़ा जस्तो हीन

भएर दिनमा पनि रातमा पनि संघर्ष गर्न पर्दैनथ्यो। यसरी घर्संदै उ फेरि माउन्ट प्लेजेन्ट रोडको मोड़मा आइपुग्यो। उ बाटाका रेलिङ्गको छेउमा बस्यो। उसलाई रिंगटा चल्ला जस्तो भइरहेथ्यो। लंगड़ाको सामुन्ने एउटा पनिको पसल थियो।

पसलको देब्रेतिर सिनेमाका ठूला ठूला दुई रंगीन पोस्टरहरू थिए उसले ती पोस्टरहरू हेरिरह्यो। दुनियाँले आफ्नो ऐश्वर्य र मनोरञ्जनका निम्ति कति धन कति परिश्रम व्यय गर्दा रहेछन् एउटा काल्पनिक छायाँको पछि पछि लागेर दुनियाँ नै आज कसरी बौलाहा भएर हिंड्दारहेछन्। . लंगड़ाले विचार गर्यो। आज आफू रहेको त्यही दुनियाँमा, त्यही मानव संसारमा आफूचाहिं एउटा हतभागी प्राणी भएर बाँचिरहेको छ धनी र दरिद्रको संसारमा कति भिन्नता रहेछ त्यो आज लंगड़ाले बुझ्यो। उ झोक्रिरहेको त थियो तर उसका दुवै आँखाले सड़कमा हिंड्ने ती मानिसहरूलाई, जो लंगड़ाभन्दा धेरै सुखी थिए, हेरिरहेका थिए। उनीहरूको जीउमा हेरेर उसले आफ्नो फाटिसकेको लुगातिर पनि हेर्यो ॥. आज उसलाई आफ्नो संसार कस्तो कस्तो लाग्यो।

आज उसलाई संसारमा बाँच्ने इच्छा नै भएन। आफू जन्म्यो, बढ्यो र दीर्घकालदेखि उसले यसरी आफ्नो जीवन बिताइरहेको थियो। . आफ्नो अवस्था सम्झंदा आज परमेश्वरले उमाथि अवहेलना र अन्याय गरे जस्तो लाग्यो ॥. उसका दुवै आँखा आँसुले डब्डब् भए। उ मूक भएर बसिरह्यो। तर सड़कमा हिंड्ने मानिसहरू आफ्ना आफ्ना विचारमा मग्न भएर हाँस्दै एकोहोरो हिंडिरहेका थिए। उसले मानिसहरूलाई यस्तो दृष्टिले हेर्दथ्यो मानो उसका आँखाले भाषाहीन विवाद गरिरहेथ्यो।

उसको अन्तरमा शायद ठूलो हुरी चलिरहेथ्यो -- उसको पीडित आत्माले शायद यसो भनिरहेको थियो ॥. आज एउटा माग्ने खोरन्डे भएर पृथ्वीमा घस्रीघस्त्री बाँचिरहेको छ। ईश्वर गरीब, अन्धा, लुला, लंगड़ा, खोरन्डेको निम्ति किन संसार बनायो? उनीहरूलाई यो संसारमा किन बाँच्न दियौ ? उनीहरूलाई किन यसरी यन्त्रणा भोग्न दिइरहेछौ? मैले देख्दा देख्दै तो मानिसहरू हाँस्दै हिंडिरहेका छन् -- उनीहरूले म जस्तो घस्रोधस्रो पेट पाल्न पर्दैन। मैले दिन प्रतिदिन अरूले दिएको भिक्षाले पेट भर्न पर्छ। ती असलअसल घर र अट्टालिकामा बस्ने धनी अलमस्तिहरू मोटरमा हावा खान्छन्ऽः रेस, सिनेमा, होटेल, नाच गानमा भुलिरहन्छन् ॥. औ म ॥. ? मेरा यी दुवै खुट्टा काम नलाग्ने छन्, मसित आफ्नो पेट पाल्ने धन पनि छैन ॥. म मानिसको घुइँचोभित्र रहेर पनि समाजहीन भएर आज कसरी एक्लो जीवन बिताइरहेको छु मेरो एउटा साथी थियो उपनि अहिले छैन। अब मकेका निम्ति बाँचूँ? कस्को निम्ति जोऊँ? अहिले समाज र पृथ्वीको पनि म भार भइरहेछु। मैले जन्म लिएर संसारमा जो देखें त्यति नै मेरा निम्ति पर्याप्त छ।

अब अर्को जुनिमा फेरि माग्ने भएर नजन्मुँ म जस्ता माग्नेको निम्ति यो संसार होइन रहेछ। म अहिले संसारको भारले मानव अत्याचारले कसरी थिचिएको छु ॥. अब यो संसारदेखि जति चाँडो विदा लिन सकुँला उति मेरो निम्ति राम्रो छ ॥. जीवनको यो ठूलो यातना र कष्टबाट त म सधैंको निम्ति मुक्त हुन सक्नेछु ॥.। लंगड़ाका गालामा आँसु बगिरहेथ्यो। उ मौन थियो। आँसुले लतपत भइसकेका उसका आँखामा विषाद र यन्त्रणाको भाव झल्किरहेको थियो। फलामको रेलिंगलाई उसले दुवै हातले समात्यो र धेरै बेर हातको बलले झुण्डिई अढेस लागेर उ घोप्टिरह्यो ॥.।

आकाश बादलले ढाक्दै आइरहेको थियो। आज पनि सूर्यास्त हुँदा हिमालमा फेरि उस्तै रमाइलो गरी घामको पहेंलो आभा पर्यो। आधा बादल ढाकेको हिमालको छातीदेखि उँभो देखिने टाकुराहरूमा गुलाफी किरण साहै रमाइलो तर उदास लाग्दो गरी खेलिरहेको थियो। हेर्दा हेर्दै पातलो अन्धकार छाउँदै आयो। दिउँसोको भीड घटिसकेको थियो। पसलेहरू आफ्ना आफ्ना पसल थुन्दै थिए।

हाट भर्न आउने मानिसहरू आफ्ना आफ्ना घर फर्किसकेका थिए। कोलाहल थोरै हुँदै गइरहेथ्यो। बिजुली चारैतिर बलिसकेको थियो। बिस्तारै चिसो हावा पनि बगिरहेको थियो। लंगड़ाले टाउको उठाएर चारैतिर हेर्यो। उसको कण्ठ सुकिसकेको थियो।

भोकले उ कमजोर भइसकेको थियो। घसँदै हिंड्ने शक्ति पनि अब उसमा थिएन। उसलाई आफ्नै कुकुरको मात्र सम्झना भइरहेथ्यो। उ बिस्तार बिस्तार घरँदै तल चोकको सामुन्ने आयो। उसले चारैतिर हेर्यो। नजीकैको पानको पसल अघिल्तिर एउटा खैरे रङ्गको कुकुर गल्लीबाट फुत्त आयो र ओह्रालै गयो लंगड़ा झस्क्यो।

उ एक छिनसम्म एकोहोरो त्यतापिट्टि नै हेरिरह्यो तर कुकुरलाई भने उसले देखेन। एउटा युवक मुखमा चुरोट च्यापेर त्यहाँ फेरि पान खान आयो। एउटी तरुणी ठिटी पनि त्यहीं पान किन्न आई। लंगड़ा हेरिरहेको थियो। युवक र ठिटी दुवै हाँसिरहेका थिए, पानको पसले पनि आफ्नो लामो दाह्री मुसार्दै उनीहरूसित मुस्कुराइरहेको थियो। लंगड़ा एक छिनसम्म त्यो हेरिरह्यो र फेरि ओह्रालै घसँदै गयो।

लंगड़ा तल मासु बेच्ने पसलको सामुन्ने आएर बस्यो। उसको अघिल्तिर मोटर स्टेन्ड थियो। ड्राइवरहरू कोही ओभरकोट लाएर गाडीभित्र कुरिरहेका थिए कोही सिनेमाको गीत गाउँदै यता उता पेसेन्जर खोजिरहेका थिए। एक जना बूढो ड्राइवर माथिबाट लरखरिंदै आयो, त्यो मातेर टन्न थियो। आएर लंगड़ाको छेउमा उभियो। त्यसले लंगड़ालाई देख्यो र एकछिन हेरिरह्यो।

लटपटिएको बोलीमा त्यसले केही कुरा गुनगुनायो। फेरि त्यसले पाकेट छामेर पैसा निकाल्यो र लंगड़ाको अघिल्तिर फ्याँकिदियो। एउटा दुअन्नी लंगड़ाकै छेउमा खस्यो, अर्को एकन्नी अलि परतिर झर्यो र अर्को चारन्नी जस्तो थियो लड्दै नालीमा खस्यो। त्यो बूढा ड्राइवर लंगड़ालाई हेरेर हाँस्यो र फेरि नबुझिने गरी गुनगुनाउँदै तलतिर गयो। अर्को एक जना पुडको मान्छे परबाट आइरहेको थियो त्यो पनि रक्सीले मातेको थियो। ओभरकोटका दुवै पाकेटमा त्यसले हात घुसारेको थियो।

सड़क हिंड्ने एक दुइ जना मानिसलाई धक्का दिंदै त्यो बेसुरमा हिंडिरहेको थियो। त्यो लरखरिंदै लंगड़ाको नजीकै आउन लागेको थियो। बिजुलीको प्रकाशमा लंगड़ाले राम्रै देख्यो त्यो मान्छे त दिउँसो टाउनहलमा एउटी आइमाईसित सिनेमा हेर्न जाने मान्छे नै पो रहेछ लंगड़ा डराएर नालीको भित्तामा अडेस लाग्यो। त्यो मान्छे मास्तिर गयो। अन्धकार छाइसकेको थियो। अहिले हावा चलिरहेको थियो।

लंगड़ालाई कहाँ जाउँ, कहाँ जाउँ भइरहेथ्यो। उ घरँदै चोकको ठूलो बिजुली खम्बामनि आएर बस्यो। चोकका पसलेहरूले आफ्नाआफ्ना पसल थुन्दै थिए। बिजुली चारैतिर बलिरहेका थिए। परबाट एउटा अग्लो मानिस आयो, त्यो मानिस सरासर आएर लंगड़ाको पछिल्तिर ठीङ्ग उभियो। त्यसले पाकेटबाट चुरोट झिक्यो र सल्कायो -- तल भूइँबाट लङ्गड़ाले पछिल्तिर फर्केर मास्तिर त्यो अग्लो मानिसको मुख हेर्न खोजिरहेथ्यो- दियासलाईको उज्यालोमा उसले एउटा परिचित अनुहार देख्यो, त्यो त पुलिको एउटा अफिसर पो रहेछ।

त्यो मुखबाट बुंङ बुंङ धुँवा फालिरहेथ्यो। पुलिसको अफिसरलाई देख्खासाथ लंगड़ाको हृदय ढुकढुक गर्न थाल्यो। त्यहाँबाट घसँदैघसँदै उ परतिर गयो। अब चिसो हावा बगिरहेथ्यो -- पानी पनि पर्लापर्ला जस्तो भइसकेको थियो। हेर्दा हेर्दै आकाशबाट पानीका छिंटाहरू खस्न थाले। आकाश मेघले ढाकेर केही नदेखिने जस्तो भइसकेको थियो।

लंगड़ा घसँदै तलतिर आयो। एउटा पसले आफ्नो पसल थुन्न लागेको थियो। लंगड़ा त्यहीं गएर ओत लाग्न खोज्यो। तर पसलेले भित्रबाट लंगड़ालाई देखिहाल्यो पसलेले लंगड़ालाई त्यहाँ बस्न नदिंदा उ एक छिनसम्म यता र उता गरिरह्यो। हावा झन् बेगले चलिरहेको थियो। पानीले सड़क भिज्न लागेको थियो।

लंगड़ालाई कसो गरुँ भइरहेको थियो। उ घसँदै आएर बजारको मन्दिरको छेउमा एउटा सांगुरो छिंडी छ त्यहाँ गएर पानीदेखि बाँच्न ओत लाग्यो। उसको जिउ कामिरहेको थियो। मुटु अज्ञात भयले ढुकढुक गरिरहेथ्यो। उसको शरीरको बल हराइसकेको थियो। उ स्वाँ स्वाँ गरेर नाकबाट निःश्वास लिइरहेको थियो।

हुरी बडो बेगले चल्न थाल्यो। ढिलो पसल थुन्ने एक दुइ पसलेहरूको पसल पनि अब त थुनिइसकेका थिए। चोक र वरपर प्रायः सुनसान भइसकेको थियो कहिले हुरीको बेग आउँथ्यो- कहिले पानीको बाछिटा हुरीले उडाएर गोलीका पर्राहरू ल्याउँथ्यो। लंगड़ा चुपचाप भित्तामा अडेस लागेर बसिरहेको थियो। प्रकृतिका क्रूर ताण्डव नृत्यले उसलाई विस्मित बनाइरहेको थियो। बौलाहा हुरी भने कहिले घरहरूतिर ठोकिएर कहिले बिजुलीको खाँबातिर ठोकिएर हुहु गर्दै एउटा गम्भीर स्वरले बगिरहेथ्यो।

कहिले बिजुलीको तार र टेलिफोनका तारहरूमा बतास ठोकिएर सीं ॥. सीं ॥. गर्ने एक किसिमको, कस्तो कस्तो मनै रुवाउने उदासीन तर धीमा आवाज आउँथ्यो -- रातको निस्तब्धतामा केवल हुरीको वेगका साथ यस्तो उदासीन आवाज गरी प्रकृतिले पनि संसारको एउटा हताभागी मानवको निम्ति गम्भीर सहानुभूति प्रकट गरिरहेको थियो। यसो हुँदा हुँदै पानी वेगले पर्न थाल्यो। लंगड़ा बसेको ठाउँ पहिले केही ओबानो थियो तर आकाशको पानीले मन्दिरको भित्ताबाट पानी धारा भएर बग्न थाल्यो। लंगड़ा अब एक छिन त्यहाँ बस्न नसक्ने भयो। लंगड़ा भिज्दै त्यहाँबाट मास्तिर आयो। पानीले उ भिजिरहेको थियो।

उ पछिल्तिरको बजारको डाकघरमा ओत लाग्ने विचार लिएर सिंडीमा हात खुट्टाले टेकेर उक्लन थाल्यो र थरथर काम्दै एउटा कुनामा बस्यो ॥.। त्यहाँबाट सड़क र चोक वर पर शून्य देखिन्थ्यो। आकाशबाट खसेको मुसलधारे पानीले सड़क र चोकको फाँट पखालिरहेथ्यो। बिजुलीको प्रकाश पनि मधुरो देखिन्थ्यो ठाउँ ठाउँमा बिजुलीको छाया सड़कमा परेको देखिन्थ्यो। आँधीले समुद्रका लहरहरूलाई उडाइरहे जस्तै हुरीको उत्ताल वेगले पानीका छिंटाहरू पृथ्वीको तहमा लहरका लहर उडाइरहेको थियो। आकाशबाट यसरी मुसलधारे वृष्टि भइरहेथ्यो मानो धुरीबाट कसैले पानी खन्याइरहेको छ।

रूख, पात, घर, पसल, सड़क, पार्क सबै पानीले रुझाउँदै थियो। बिजुली वेला वेलामा चम्कँदा अघिल्तिरको अग्लो बिजुलीको खाँबा, वरपरका पसल घर र विल्डिङ्गहरूको कालो छाया मात्र देखिन्थे। यो महा वृष्टिले उनीहरूलाई छोपिसकेको थियो। पृथ्वी अब एकै छिनमा जलमा भासिएला भने जस्तो गरी यसरी घनघोर वर्षा भइरहेथ्यो। सड़कमा एक जना मानिस छाता ओढेर गइरहेथ्यो। सड़क जनशून्य भइसकेको थियो।

त्यो मानिसको लमतन्ने धमिलो छायामात्र देखिन्थ्यो। त्यो मानिसलाई देख्ता लंगड़ालाई आफ्नो कुकुर त्यसका पछि पछि गइरहेको जस्तो लाग्यो। राम्ररी हेर्दा त्यसको छाया रहेछ। पर पुगेपछि त्यो मान्छे पानीमा नदेखिने भयो। लंगड़ा मुसा भिजे जस्तो भइसकेको थियो। थुरथुर काम्दै प्रकृतिको त्यो क्रूर नित्य हेरिरहेको थियो।

आकाशमा बिजुली चम्कन्थ्यो, मेघको भीम गर्जन हुन्थ्यो। लंगड़ाको आँखा तिरीमिरी हुन्थ्यो अनि फेरि अँध्यारो हुन्थ्यो। उसको जिउको लुगा भिजिसकेको थियो। यसरी धेरै बेर उ त्यहाँ बसिरह्यो। आधा रात भइसकेको थियो। अब पानी थामिएला जस्तो भयो।

जाड़ाले लंगड़ाको मुटु उत्तिकै कामिरहेको थियो। त्यहाँबाट सरेर अब कसैको दलानमा आश्रय लिने उसले विचार गर्यो। विस्तार बिस्तार घसँदै डाकघरको चिप्लो सिंडीबाट ओह्रालो झर्यो र बाँयापट्टि घुमेर नजीकको पसलनिर आयो। पानीले उ भिजिरहेकै थियो। लंगड़ा गल्लीतिर पस्यो। एउटा लामो काठको सिंडी उसले देख्यो।

उसले यता र उता हेर्यो र बिस्तार बिस्तार सिंडी छाम्दै उक्लन थाल्यो। माथि आइपुगेपछि उसले काठको रेलिंग समात्यो र एकछिन थकाइ मार्यो। उसको दम बढिरहेथ्यो। हावा भने उत्तिकै चलिरहेथ्यो। उसलाई साह्रै जाडो लाग्न थाल्यो। झन् त्यो काठको सिंढीमा हावा ज्यादै आउने हुनाले उसलाई त्यहाँ बसिनसक्नु भयो।

उसका हात खुट्टा गंग्रिसकेका थिए। भिजेको आङको लुगामा हावाले फुक्दा जाडाले उसलाई साहै असहनीय बनाइरहेथ्यो। उसलाई कता जाउँ कता जाउँ भइरह्यो। त्यहाँबाट परतिर कसैको दलानमा गएर रात बिताउने विचारले अन्धकारमा घसँदै उ भित्ता छाम्न लाग्यो। एक दुइ ढोका भेट्टायो। घरभित्रका मानिस निद्राबाट ब्यूँझलान् भन्ने डरले चाल मारेर उ छामछाम छुमछुम गरिरहेथ्यो।

परतिर काठको ठूलो रित्तो बाकस जस्तो उसले भेट्टायो त्यो बाकसको आड लिएर हावादेखि बाँच्ने विचारले बाकसमा अढेस लाग्यो। लामो निःश्वास लियो र आफ्नो पिठ्यूँको पोको झिक्यो। पानीले भिजेर त्यो पनि अहिले गहुं भइसकेको थियो। कुनापट्टि सरेर उसले बाकसको छेउमा भएको मट्टिको तेलको टिनमा आफ्नो पोको राख्न खोज्यो -- दुर्भाग्यवश त्यो टिन पल्टिएर तल खस्यो रातको निस्तब्ध वातावरणमा एउटा ठूलो आवाज भयो ॥. अनि फेरि चकमन्न भयो लंगड़ा पनि तत्रयो - उसको होश नै हरायो। घरभित्रको मानिसको निद्रा भंग भयो त्यो आवाज सुनेर एक जना अग्लो दाह्री भएको मानिस हातमा लामो लौरो लिएर आयो। कोइला चोर्न आएको मानिस भन्ने सम्झेर त्यसले चारैतिर हेर्यो तर लंगड़ा भने अन्धकारमा त्यही मानिसको गोडानिर डरले एक डल्लो परेर बसिरह्यो।

त्यो मानिसलाई देखेर झन् डरले उसको मुटु ढुक ढुक गर्न लाग्यो। कसो कसो गर्दा त्यस मानिसको दृष्टि लंगड़ामाथि पर्न गयो - त्यसले हातको लौरो उचालेर के लंगड़ामाथि प्रहार गर्न आँटेको मात्र थियो तल अन्धकारबाट एउटा करुण उद्‌गार आयो -- हजुर ॥. म त एउटा माग्ने लंगड़ा पो हूँ ॥. त्यो मानिसले मच्चाएको लौरो थामियो। त्यसले लंगड़ालाई हेर्न खोज्यो। पहिले त अँध्यारोमा कालो लुगाको थुप्रो जस्तो देख्ता मान्छे नै हो भनेर ठिम्याउन सकेन। लंगड़ा अलिकति चलमल गरेको थाहा पाएपछि त्यो मानिसले हातको लौरोले लङ्गड़ालाई घोच्ला जस्तै गरेर केही बेरसम्म गाली वर्षायो। त्यसले आफ्नो बलियो पाखुराले लङ्ङ्गलड़ाली हातबाट तानेर घसार्दै वर ल्यायो र सिंडी ओह्रालो मुन्टाइदियो।

रातको निस्तब्ध अन्धकारमा वायुको वेगसित एउटा हृदय विदारक चित्कार सुनियो अनि फेरि केही सुनिएन। चारैतिर चकमन्न भयो। लङ्गड़ा सिंडीमा लड्दै तल खस्यो र बेहोश भएर लडिरह्यो। लङ्गड़ाको अतिकति होश आएपछि उसले आफूलाई हिलोमा लडिरहेको पायो। चारैतिर निस्तब्ध थियो। उसले हिलोमा गाडिएको आफ्नो टाउको उठाउने बल त गर्यो तर सकेन।

जाड़ाले उसका हात खुट्टा सबै हिउं भइसकेका रहेछन्। हिलोमा सुतीसुती उसले पृथ्वीदेखि माथि स्वर्गमा आँखा उठाएर हेर्योमेघयुक्त आकाशमा बियाउँदो रातका ताराहरू साहै रमाइलो लाग्दो गरी चम्किरहेका रहेछन् हिजो रातीको

डरलाग्दो आँधी र पानी पनि थामिएर अहिले चारैतिर प्रकृति मौन र स्थिर भइसकेको रहेछ। चारैतिर भर्खरै प्रातकालीन वातावरण आएर एक प्रकारको शान्ति विराजमान भइसकेको रहेछ। निकै बेर लङ्गड़ा त्यहीं लडिरह्यो। उसका चिसा हात खुट्टा निर्जीव जस्ता भइसकेका थिए। यसरी आफू भूइँमा लडिरहेको कारण उसले सम्झनै सकेन।

सम्झदा सम्झदा हिजो रातीको दुखद घटनाको बल्ल उसलाई स्मरण भयो। उसलाई हिजोको एक एक कुरा सम्झना भयो। त्यो सम्झदा उसलाई साह्रै नरमाइलो लाग्यो मानिसप्रति उसको हृदयमा असह्य घृणा भइरहेको थियो। लंगड़ा अब साहै कष्टले उठयो। उसले आफ्नो अनुहार छाम्यो, उसका निधार र कन्पटमा चोट लागेको रहेछ। उसको निधारदेखि उँधो च्यँडासम्म रगत बगेको थियो।

उसले आफ्नै कोटको बाहुलाले रगत पुछ्यो र घस्रने बल गर्यो। केही बेरपछि लङ्गड़ा बिस्तार बिस्तार घसँदै सड़कतिर आयो। बिहानको घाम मन्दिरको सेतो भित्तामा देखा पर्यो। दिन उम्रेको थियो। कस्तो रमाइलो सड़कमा मानिसहरू हिंडिरहेका थिए। पसलेहरू आफ्नाआफ्ना पसलहरू खोज्दै थिए।

मन्दिरकी सामुन्नेको पसलको छेउमा एउटा बिजुलीको खाँबानिर एक जना माग्ने घोप्टो परेर लडिरहेको थियो। त्यो माग्नेको जीउभरि हिलै हिलो थियो। उसले आफ्ना दुवै बाहुलाले मुख पनि छोपेको थियो। सड़कमा हिंड्ने मानिसहरूको मनमा शङ्का भयो। मानिसहरू जम्मा हुन थाले। हेर्दाहेर्दै मानिसको घुइँचो भयो।

एक छिनमा एउटा पुलिस आयो र मन्दिरको अघिल्तिरको नेपालीको पुस्तक बेच्ने पसलमा गएर केही कुरा सोध्यो र उ घुइँचोतिर गयो। पुलिसलाई देखेर मानिसहरू अलिकति सरे। त्यहाँ अलिकति खलबल भयो। मानिसहरू परस्पर मुखामुख गरेर कुरा गरिरहेका थिए। त्यो हल्ला सुनेर लङ्गड़ाले टाउको उठाउन खोज्यो। उसको निधारभरि रगतका टाटा थिए।

एकछिनपछि उसले आँखा उघार्यो र टाउको अलिकति उठाएर चारैतिर हेर्यो। चारैतिर हेर्नुभन्दा पहिले उसले आफ्नै साथी कुकुरलाई छेउमा बसिरहेको पायो। कुकुरलाई देखासाथ लंगड़ाको आँखा हर्षले एकदम उज्यालो भयो। अनि उसले धेरै बेरसम्म मलीन ज्योतिले आफ्नो हराएको साथीलाई हेरिरह्यो। कुकुरले पनि खुशीले पुच्छर हल्लायो लंगड़ाका आँखा आँसुले डबडब भए। उसले कुकुरलाई करुण दृष्टिले हेरिरहेको थियो।

त्यो दृश्य जीवनको लामो यात्रामा जान लाग्दा कुनै आफ्नो आत्मीय बन्धुले रुँदै विदा मागिरहेको जस्तो थियो। लंगड़ाले दुवै हातको बलले उढ्ने चेष्टा गर्यो तर सकेन। उसले चारैतिर आँखा घुमाएर हेर्यो- उसले आफूलाई चारैतिर मानिस र पुलिसले घेरेको पायो। उसको चेतना शक्ति बिस्तार बिस्तार हराउँदै थियो। उसले उँभो आकाशतिर आँखा उठाएर हेर्दा मन्दिरको सेतो भित्ता र गजुर देख्यो -- जहाँ बिहानको रमाइलो घाम भर्खरै खेल्न पुगेको थियो। मन्दिरका वरिपरि धेरै परेवाहरू उडिरहेका थिए -- धेरै परेवाहरू बिहानको घाममा मन्दिरका अग्लो डीलनिर गुडगुडाउँदै नाचिरहेका थिए त्यो देखेर लंगड़ाको अनुहार अलि उज्यालो भयो।

साहै कष्टसित उसले हात पसार्यो र कुकुरलाई वर तानेर अंगालो हाल्यो। तर उसको निःश्वास क्षीण हुँदै गइरहेको थियो -- उसले दुइ चार पल्ट खोक्यो र बाहुलाले मुख छोपेर भूइँमा घोप्टियो। केही बेरपछि एक जना मानिसले लंगड़ाको टाउको उठाएर हेर्न खोज्यो तर उसका दुवै आँखा सँधैका निम्ति चिम्म भइसकेका रहेछन्। उसले कुकुरलाई अंगालो हालेको हात पनि खुकुलो हुँदै गयो। उसको साथी कुकुरले भने धेरै बेरसम्म लंगड़ालाई छोड़दै छोडेन ॥ साता दिनपछि --

एकछिन त्यो कुकुर फेरि बजारको एउटा गल्लीमा डुलिरहेको देखियो। मध्याह्नसम्म उद्देश्यहीन भएर त्यो एउटा पानको पसल अघिल्तिर यता र उता गरिरहेथ्यो।

त्यो दिन पनि दिनभरि घामै लागेन। दिन अँध्यारै भइरह्यो। मेघले जम्मै आकाश छोपेर दिन साह्रै नरमाइलो भएको थियो। मध्याह्नपछि त मेघ पनि गर्जन थाल्यो। पानी पर्ने छाँट देखियो। हावा चल्न थाल्यो।

पानी छिटयाउन लागेको देखेर पसलेहरू आत्तिए। हेर्दा हेर्दै केही बेरपछि राम्रै पानी पर्न थाल्यो। मुसलधारे पानीमा भिज्दै कुकुर यता उता गरिरहेथ्यो। मानिसहरू यत्रतत्र पसलमा ओत लागेका थिए। तर गाडीहरू भने सड़कमा एकोहोरो हिंडिरहेका थिए। त्यो कुकुर पनि एउटा पसलको भित्तामा ओत लाग्न गयो तर पानीले त्यहाँ भिज्न थाल्यो।

आखिर त्यो कुकुर के गरूँ के गरूँ जस्तो भएर एउटा अर्को पसलमा, मानिसकै छेउमा गएर ओत लाग्न खोज्यो। कुकुरलाई देखेर एउटा बुट लाउने मानिसले लात्ती उचालेर हान्न खोजेको थियो- कुकुर भागेर पर पुग्यो पर पुगेर कुकुरले पछिल्तिर फर्केर त्यो मानिसको अनुहारमा हेर्यो कुकुरको कातर हेराइमा उत्तिकै घृणा र डर थियो। तर त्यो मानिस केही जस्तो नमानी मुखमा चुरोट च्यापेर बंगबंग एकोहोरो धुँवा फालिरहेको थियो ॥.। अर्को दिन फेरि -- रातभरि परेको पानी थामिसकेको थियो। प्रातःकालै त्यो कुकुर फेरि गड्डीखानाको ओह्रालो गल्लीमा, लंगड़ा सुत्ने झुप्रोतिर लुखुरलुखुर गइरहेको थियो। झुप्रो शून्य देखेर कुकुरले यता उता भूइँ सुँघ्यो।

भित्र लंगड़ा सुत्ने गरेको थियो दुइवटा फल्याक थिए त्यहीं गएर त्यो पनि गुँहुँलिएर सुत्न खोज्यो। कुकुर कामिरहेको थियो। त्यहाँ त्यो धेरै बेर सुत्न सकेन। कुकुर उठ्यो। त्यसले यता र उता चारैतिर हेर्यो। एउटा कुनामा लंगड़ाको फाटेर मकिसकेको पुरानो कोट लत्रेको रहेछ।

वरिपरि घुमेर कुकुरले त्यस लुगालाई पल्टाएर सुँघ्यो। कुकुर एक्लै थियो। त्यो फेरि बाहिर निस्क्यो फेरि भित्र पस्यो। यसरी धेरै पल्ट त्यो मूक पशु आफ्नो आत्मीयको खोजमा झुप्रोभित्र र बाहिर गरिरह्यो। तर झुप्रो शून्य र निर्जन थियो। त्यसैले त्यहाँ उच्चाट लाग्ने उदासीनता छाएको थियो।

ज्यादै असजिलो मानेर त्यो कुकुर फेरि सड़कमा निस्क्यो। वरपर घर घरमा, छानु छानुमा बिहानको घाम परिसकेको थियो। कुकुर केही चीज धुइँ धुइँति खोज्न लागे जस्तो गरेर गल्लीगल्ली चाहारिरहेको थियो। दुइ दिनपछि फेरि -- बिहानको घाम परेको एउटा भित्तानिर त्यो कुकुर लग्लग् काम्दै उभिरहेको थियो। थोरै बेरपछि फेरि जितेन झोडाकोमाथि हावा घरमा त्यो कुकुर गइरहेको थियो। फेरि फर्केर आयो र हाइस्कूल जाने बाटोतिर रंगालिरह्यो।

त्यसले कसैलाई खोजिरहेको जस्तो देखिन्थ्यो। त्यसको जीउभरि लुतै लुतो लागेर त्यो कामि रहेको थियो। फेरि दश महीनापछि -- हाइस्कूलदेखि धेरै तल मुर्दा पोल्ने ठाउँमा एक दिन मुर्दाहट्टी रूँगने मान्छेले एउटा कुकुर र एउटा मान्छेको हाड एकै ठाउँमा गाँसिएको पायो। वर्षाको पानी र बालुवाले केही छोपेको, एउटा मान्छे र अर्का पशुको अस्थिपञ्जर त्यसरी जोरिएर त्यसले यो पृथ्वीको तहभन्दा पनि माथि, पशु र मान्छेको आत्मीयताको परिचय दिइरहेथ्यो ॥.।